प्रथम त्रैमासिकको प्रगति... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक १७६ • २०८१ साल मंसिर ०७ गते शुक्रबार (22 November, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


### चार दिनदेखि संस्थागत विद्यालय बन्द

## आज त्रिपक्षीय वार्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । चार दिनदेखि ठप्प रहेको संस्थागत विद्यालय अझैसम्म पनि खुल्ने छाँटकाँट देखिएको छैन ।

छात्रवृत्तिको विषयलाई लिएर संस्थागत विद्यालयका संचालकहरुको संगठनले गरेको आह्वानमा ठप्प रहेको विद्यालय सञ्चालनका लागि भएको वार्ता निष्कर्षविहीन टुंगिएको छ ।

जनकपुरधाम उपमहानगरपालिका र संस्थागत विद्यालय संगठनहरुको बिहीबार बसेको बैठक दुई घण्टाभन्दा लामो समयसम्म चले पनि विद्यालय सञ्चालकहरुबीच कुरा नमिल्दा वार्ता निष्कर्षविहीन टुंगिएको छ ।

संस्थागत विद्यालयहरुले भर्नालगायतका चर्को शुल्क लिने गरेको भन्दै नेपाल विद्यार्थी संघले जनकपुरधाम उपमहानगरपालिकासंग सम्झौता गरेको थियो । सो सम्झौताको विरोध गर्दै संस्थागत विद्यालयहरु चार दिनदेखि विद्यालयको अध्ययन अध्यापन ठप्प पार्दै आन्दोलनमा उत्रेका छन् ।

संस्थागत विद्यालयले थालेको आन्दोलनको विरुद्धमा नेविसंघले सडकमै आन्दोलन गर्न थालेपछि जनकपुरधाम उपमहानगरपालिकाले वार्ताका लागि आह्वान गरेको थियो ।

सो बैठकमा सहभागी रहेका प्याबसन धनुषाका अध्यक्ष रविन्द्रकुमार चौधरीले दिएको जानकारी अनुसार छात्रवृत्तिमा देखिएको समस्याहरु र संस्थागत विद्यालयका संगठनहरुको एजेण्डामाथि सकारात्मक छलफल भएको छ ।




उनीहरुको समस्या समाधानका लागि दुवै पक्ष सकारात्मक देखिए पनि विद्यार्थीसंग जनकपुरधाम उपमहानगरपालिकाले तीनवटै पक्षलाई संयुक्त रुपमा बैठकका लागि बोलाइने छलफल भएको जनाइएको छ ।

बैठकमा जनकपुरधाम उपमहानगरपालिका मेयर मनोजकुमार साह, उपमेयर किशोरी साह, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदी, जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि, शिक्षा समन्वय इकाइका प्रमुख, हिसान, प्याबसन, एनप्याबसन, मधेश प्याबसनका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

संस्थागत विद्यालयहरुसंग समन्वय नगरी कक्षा ११ र कक्षा १२ का विद्यार्थीहरुको छात्रवृत्ति सम्बन्धी सम्झौता गरेपछि संगठनहरु संयुक्त रुपमा आन्दोलित छन् । यता नेवि संघले जनकपुरधाम उपमहानगरपालिकासंग भएको सो सम्झौता कार्यान्वयनको माग गर्दै सडकमा उत्रेका छन् । संगठनहरुको आन्दोलनको कारण संस्थागत विद्यालयमा पठनपाठन बन्द छ ।

संस्थागत विद्यालयका संगठनहरुले नेविसंघसंग जनकपुरधाम उपमहानगरले गरेको छात्रवृत्ति सम्बन्धी सम्झौता फिर्ता लिनुपर्ने, उपमहानगरले आफ्नै छात्रवृत्तिका लागि कार्यविधि बनाउनु पर्ने र सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयसंग जनकपुरधाम उपमहानगरपालिकाले समान व्यवहार गर्नुपर्नेलगायतको एजेण्डा रहेको हिसान धनुषाका अध्यक्ष संजीव ठाकुरले जनाए ।

आफूहरुले ६ बुँदे माग राखेको र माग पूरा नभएसम्म विद्यालय नखुल्ने एनप्याबसन जनकपुरधामका अध्यक्ष दीपक ठाकुरले बताए । उनले शुक्रबार पनि बैठकमा छलफल हुने बताए ।

### मधेश प्रदेशमा उपचुनाव

## रौतहट र महोत्तरीमा नेताको प्रतिष्ठा दाउमा, प्रचारमा तीव्रता

**टुडे समाचारदाता**

गौर । मधेश प्रदेशको ४ जिल्लाको ७ वटा वडामा अध्यक्ष पदका लागि उपचुनाव भइरहेको छ । चुनाव प्रचारमा नेताहरुले सम्पूर्ण ताकत लगाउन थालेका छन् ।

सप्तरी जिल्लाको डाकनेश्वरी नगरपालिकाको वडा नम्बर १ र ४ मा, धनुषाको धनुषाधाम नगरपालिकाको वडा नम्बर १ मा, महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाको वडा नम्बर २ र रौतहट जिल्लाको राजपुर नगरपालिकाको वडा नम्बर ६, इशनाथ नगरपालिकाको वडा नम्बर ७ र गढीमाई नगरपालिकाको वडा नम्बर ८ मा उपचुनाव भइरहेको छ ।

चुनाव प्रचारमा विभिन्न दलका केन्द्रीय पदाधिकारीहरु घरदैलोमा समेत उत्रेका छन् । वडाको चुनावमा दलका पदाधिकारीहरु घरदैलोमा सहभागी भएसँगै चुनावी चहलपहल बढेको छ ।

रौतहट जिल्लामा बिहीबार नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले वडामा पार्टीको तर्फबाट घरदैलो चलाएका छन् । उनले इशनाथ नगरपालिकाको वडा नम्बर ७ मा घरदैलोमा सहभागि हुँदै नेपाली काँग्रेसलाई मतदान गर्न आह्वान गरे ।

महामन्त्री शर्मासंगै कांग्रेस मधेश प्रदेशका सभापति एवं पूर्वमन्त्री कृष्णा यादवलगायतका नेता, प्रदेश



मन्त्री लगायतको सहभागिता रहेको थियो । सो वडामा शेख अब्दुल खालिद काँग्रेसबाट उम्मेदवार छन् ।

तर त्यो भन्दा ठूलो चुनावी घमासान गढीमाई नगरपालिकाको वडा नम्बर ८ मा छ । वडा नम्बर ८ मा कांग्रेसका प्रदेश सभापति यादवको घर पनि रहेको छ । त्यहाँ काँग्रेसका सुबोध कुमार यादव उम्मेदवार छन् ।

जनता समाजवादी पार्टी( जसपा)नेपालबाट निर्वाचित वडाअध्यक्षको निधन भएपछि उपचुनाव हुन लागेको छ । मृतक वडाअध्यक्षकी पत्नी नेकपा एमालेबाट उम्मेदवारी दिएकी छन् । जसपा नेपालले सन्देश यादवलाई उम्मेदवार उठाएका छन् ।

कांग्रेसका सभापति यादवको गृह वडा भएकाले चुनावलाई उनको प्रतिष्ठासित जोडिएको छ । पूर्वमन्त्री समेत रहेका सभापति यादव मधेश प्रदेश संसदीय दलका नेतापनि हुन् । उनले वडाको चुनाव जित्न अत्यन्त सकृय भएका छन् ।

तर कांग्रेस पार्टीमै रहेका युवा नेता सन्देश यादवले अन्तिम समयमा जसपा नेपालबाट उम्मेदवारी दिएकाले सभापति यादवका लागि चुनौती बनेको छ । जसपा नेपालको जनाधार खस्किएको दावीगर्दै काँग्रेसका नेताहरुले चुनाव जित्ने ठोकुवा गरिरहेका छन् ।

नेकपा एमाले, नेकपा एस र नेकपा माओवादीले पनि उम्मेदवारी दिएका छन् । स्वर्गीय वडा अध्यक्षकी पत्नी जिउती देवी यादव एमालेबाट उम्मेदवार भएकीले सहानुभुति र पार्टीको मत पर्ने भएर उनी जित्ने तर्क गरिदै छ ।

केही दिन पूर्व जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सोही वडामा पार्टी प्रवेश कार्यक्रम गरेका थिए । कांग्रेस सभापति यादवको वडा रहेका त्यो चुनाव प्रदेशमा सर्वाधिक चर्चामा रहेको छ ।

त्यसैगरि महोत्तरी जिल्लाको रामगोपालपुरको वडा नम्बर १ मा नेकपा एमालेका युवा नेता, मधेश प्रदेशमा भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवको प्रतिष्ठासित जोडिएको छ ।

सो वडामा नेकपा माओवादीबाट निर्वाचित वडा अध्यक्षको मृत्यु भएपछि उपचुनाव भइरहेको छ । मुसलमान बाहुल्यता रहेको सो वडामा माओवादीले मृतक अध्यक्षकी पत्नी आइती कुमारी यादवलाई उम्मेदवार बनाएको छ ।

एमालेले सकिबुल खानलाई उम्मेदवार बनाएको छ । कांग्रेसले मो.जानिफ खानलाई उम्मेदवार बनाएको छ । राष्ट्रिय जनता पार्टी(राजपा) नेपालले राजेश कुमार यादवलाई टिकट दिएको छ ।

वडाअध्यक्षको चुनावमा सबै पार्टीका उच्च पदस्थ नेताहरु मैदानमा छन् । मधेश प्रदेश र संघीय सरकारमा रहेको कांग्रेस र एमालेले अलग अलग उम्मेदवार उठाएका छन् । मधेश प्रदेशको सातवटै वडामा दलहरुबीच गठबन्धन भएको छैन ।

एमाले मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका मन्त्री यादवको गृह वडामा उपचुनाव भएकाले उनको प्रतिष्ठासित परिणाम जोडिएको छ । चुनावमा एमालेका उम्मेदवारलाई जिताउन मन्त्री सहितका नेताहरु अहोरात्र खटिरहेका छन् ।

मंसिर १६ गते मतदान हुनेछ । थोरै स्थानमा चुनाव भएकाले अन्य जिल्लाका नेताहरु पनि वडामा केन्द्रित भएको देखिन्छ ।

## भारतीय प्रधानसेनापती जनकपुरधाम आउँदै



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदी शुक्रवार बिहान ७ बजे जानकी मंदिरमा दर्शन गर्न जनकपुरधाम आउँदै छन् ।


यस भ्रमणले नेपाल-भारत बीचको अनुपम साँस्कृतिक एवं धार्मिक सम्बन्ध थप बलियो हुने विश्वास लिइएको छ ।

जनरल द्विवेदीलाई विहीबार राष्ट्रपति भवन शितल निवासमा आयोजित विशेष समारोह बीच नेपाली सेनाको मनार्थ महारथीको दर्ज्यानी चिन्ह प्रदान गरिएको थियो ।

जनकपुरधाममा पहिलो पटक विदेशी प्रधानसेनापती आउन लागेको छ । यो भ्रमणले जनकपुरधामको पर्यटन प्रवर्द्धनमा सहयोग मिल्नेछ ।







# ४७ लाख बढी भन्सार छलीका सामान बरामद



टुडे समाचारदाता

राजविराज । भारतबाट तस्करी भइ ल्याउँदै गरेका कपडालगायतका सामान प्रहरीले बिहीबार बरामद गरेको छ ।

ैदल गस्तीमा रहेको प्रहरी टोलीले सप्तरीको डाक्नेश्वरी नगरपालिका- ४ स्थित कुशहा सडकखण्ड क्षेत्रबाट चेकजाँचको क्रममा गलैचा, तन्ना र सिरकका खोल लगायतको सरसामान बरामद गरेको छ ।

साइकलमा लोड गरेर ल्याउँदै गरेका व्यक्ति भने सो सामान प्रहरी देख्ना साथ सडकमै छाडेर भागेको प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

बरामद सामान र साइकलको मुल्याङ्कन पश्चात् आवश्यक कानुनी प्रक्रियाका लागि राजविराज भन्सार कार्यालय बुझाउने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

केही समययता प्रहरीले भारतीय सीमावर्ती क्षेत्रमा निगरानी कडा पारेपछी चोरी पैठारी गरि ल्याइएका विभिन्न मालसामान दिनहुँजसो बरामद हुने क्रम बढेको छ ।

प्रहरीले चोरी पैठारी नियन्त्रण गर्न विशेष अभियान नै चलाएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जनाए । पछिल्लो ३७ दिनको अवधीमा प्रहरीले भन्सार छलेर चोरी पैठारी गरि ल्याइएका ४७ लाख ६ हजार ५ सय मुल्य बराबरको विभिन्न सरसामान जफत गरी राजविराज भन्सार ककार्यालय चलान गरेको प्रहरी तथ्यांकले देखाएको छ ।

# स्कूल बसको ठक्करबाट बालिकाको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा एक स्कूल बसले ठक्कर दिँदा एक बालिकाको मृत्यु भएको छ ।

जिल्लाको धनुषाधाम नगरपालिका वडा नम्बर ३ मा बिहिबार बिहान बाल आवासीय इङ्गलिश बोर्डिंग स्कूलको बसले गर्दा स्कुलको ना १ क ९६९६ नम्बरको बसले बालिकालाई किचेको प्रत्यक्षदर्शीहरुले बताए ।

नाम र ठेगाना खुल्न नसकेका बस चालकलाई तत्कालै पक्राउ गरी प्रहरीको जिम्मा लगाइएको धनुषा प्रहरीले जनाएको छ । चालकको नाम नखुलाएपछि



ठक्कर दिंदा स्थानीय किशोरी ठाकुरको साढे २ बर्षिया छोरी मनिता ठाकुरको घटनास्थलमै मृत्यु भएको छ ।

धनुषाधाममा ठाकुरको आयरन स्टोरमा जाँदै चालक परिवर्तन गर्ने षडयन्त्र हुन सक्ने स्थानीयहरुको आन्दोलन छ ।

धनुषामा सञ्चालनमा रहेका दर्जनौं निजी विद्यालयहरुको बस चालकसंग सवारी चालक अनुमति पत्र छैन ।

# तीन पालिकामा सेफ गर्ल्स

टुडे समाचारदाता

मलंगवा । संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष-युएनएफपिए नेपालले सर्लाहीमा सञ्चालन गर्न लागेको सेफ गर्ल्स परियोजनाको बारेमा स्थानिय सरकार र जिल्ला स्थित सरोकारवाला पक्षसँग परामर्श बैठक सदरमुकाम मलंगवामा सम्पन्न भएको छ । युएनएफपिएको आयोजना तथा जिल्ला समन्वय समिती सर्लाहीको समन्वयमा बिहीबार मलंगवा स्थित महेन्द्र होटलको सभाहलमा उक्त परामर्श बैठक सम्पन्न भएको छ ।

कोरियन सरकार कोइका र युएनएफपिए नेपालले सहकार्यमा स्थानिय सरकारसँग समन्वय गरेर सर्लाही जिल्लाको तीन वटा पालिकामा सेफ गर्ल्स परियोजना शुरु गर्न लागेको युएनएफपिए नेपाल प्रदेश कार्यालय प्रमुख नरेन्द्र कुमार मिश्रले जानकारी दिए । उनले यस परियोजनाले ३१



जुलाई २०२४ देखी ३१ जुलाई २०२७ सम्म सर्लाही जिल्लाको तीन वटा पालिका हरिपुर्वा नगरपालिका,कौडेना र बसबरिया गाँउपालिकामा बृहत्तर यौनिकता शिक्षा, किशोर किशोरी युवाहरुको क्षमता अभिवृद्धि गरी हानिकारक अभ्यासहरुको अन्त्यको क्षेत्रमा र लैंगिक हिंसा पीडितको संख्यालाई न्यूनीकरण तथा सुदृढ गर्न सरकारी संयन्त्रलाई सहयोग गर्नको लागि काम गर्ने बताए । परियोजनाले बालविवाह, बृहत्तर यौनिकता शिक्षाको कमी, बालश्रमलगायत किशोरीहरुका लागि हानिकार अभ्यास धेरै हुने मधेश प्रदेशको दुईवटा जिल्ला रौतहट र सर्लाहीका ९ वटा पालिकाहरुमा रहेर काम गर्ने पप्रदेश कार्यालय प्रमुख मिश्रले जानकारी गराएका छन् ।

कार्यक्रममा बोल्दै जिल्ला समन्व समिति सर्लाहीका प्रमुख कौशल किशोर सिंहले सेफ गर्ल्स परियोजना मार्फत युएनएफपिए नेपालले सर्लाहीको दुईवटा पालिकामा किशोर किशोरीहरुको क्षेत्रमा धेरै राम्रो काम गर्न लागेको बताएका छन् । समाजमा अहिले पनि बाल विवाह, लैंगिक हिंसा, बालश्रम, सम्बन्धबिच्छेद लगायत जस्ता घटनाहरु डरलाग्दो अवस्थामा रहेको बताए ।

# 'गरिमा समृद्धि योजना'सार्वजनिक रुपमा निष्काशन गर्न बोर्डबाट स्वीकृत

टुडे समाचारदाता

नेपाल धितोपत्र बोर्डले गरिमा विकास बैंकको गरिमा समृद्धि योजना सार्वजनिक रुपमा निष्काषन गर्न स्वीकृती प्रदान गरेको छ ।

काठमाण्डु । गरिमा विकास बैंक लिमिटेड कोष प्रवर्द्धक तथा गरिमा क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको सामूहिक लगानी कोषमा गरिमा म्युचुअल फण्ड अन्तरगत पहिलो बन्दमुखी योजनाको रुपमा एक अर्ब बराबरको गरिमा समृद्धि योजना सार्वजनिक रुपमा निष्काषन गर्न नेपाल धितोपत्र बोर्डबाट स्विकृति प्राप्त गरेको हो ।

गरिमा विकास बैंक लिमिटेडको सहायक कम्पनी गरिमा क्यापिटल लिमिटेड नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर हो । गरिमा क्यापिटल लिमिटेडले सामूहिक लगानी कोषको योजना व्यवस्थापनका साथै प्रत्याभूति सेवा, लगानी व्यवस्थापन सेवा तथा निक्षेप सदस्य सेवा डिम्याट तथा मेरो शेयर खाता सम्बन्धी प्रवाह गर्दै आएको छ । गरिमा क्यापिटल लिमिटेडका सम्पूर्ण सेवाहरु ग्राहक समक्ष पुर्‍याउनका लागि गरिमा विकास बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरुबाट समेत सहजिकरण हुँदै आएको छ । यस संस्थाले आफ्ना सेवाहरु अझ परिस्कृत र ग्राहकमैत्री तवरबाट प्रवाह गर्नको निमित्त विभिन्न नविनतम प्रविधिहरुको प्रयोग गर्दै अगाडी बढ्ने बैंकले प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

# एनसेलमा भ्वाइस सेवा डेटासँग वा डेटा सेवा भ्वाइससँग साट्न सकिने सुविधा

टुडे समाचारदाता

काठमाण्डु । एनसेलका ग्राहकहरुले एक नयाँ विशेष सुविधाबाट फाइदा लिन सक्ने भएका छन् । यो सुविधा अन्तर्गत ग्राहकहरुले आफ्नो सधैं अन प्याकमा बाँकी भ्वाइस सेवालाई डेटासँग वा डेटा सेवालाई भ्वाइससँग आफ्नो आवश्यकता अनुसार साटेर सेवाको फाइदा लिन सक्छन् ।





सधैं अनमा ग्राहकहरुले प्याक अनुसार भ्वाइस, डेटा र एसएमएस बन्डल सेवा पाउँने गरेका छन् । सेवा प्रयोग गर्दा डेटा सकियो तर भ्वाइस बाँकी रहेको खण्डमा ग्राहकले त्यस्तो बाँकी भ्वाइसलाई एनसेल एपमार्फत साट्न अथवा परिवर्तन गर्न सक्छन् । त्यसैगरी बाँकी डेटालाई पनि भ्वाइसमा रुपान्तर गर्न सकिन्छ । यो सुविधा सधैं अनका रु ३९९, रु ४९९ र रु ५९९ का प्याकहरुमा मान्य रहेको छ । ग्राहकले आफ्नो एनसेल एपमा 'एक्सचेन्ज डेटा अर भ्वाइस'मा गई आफुलाई आवश्यक परेको सेवाका अनुसार प्रयोग हुन बाँकी डेटासँग भ्वाइस वा भ्वाइससँग डेटा साट्न सक्छन् ।

उदाहरणका लागि ग्राहकले ५० मिनेटको भ्वाइस सेवालाई १२५० एमबी डेटासँग साट्न सक्छन् । त्यसैगरी उदाहरणका ग्राहकले लागि १ जीबी डेटा ४१ मिनेट भ्वाइस सेवामा रुपान्तर गर्न सक्छन् । आफुसँग बाँकी रहेको भ्वाइस वा डेटा सेवाको ९० प्रतिशत सम्मको सेवा आफुलाई आवश्यक सेवा अनुसार साट्न सकिने सुविधा रहेको छ ।

एनसेल एप एनसेल डेटामा प्रयोग गर्दा कुनै शुल्क लाग्दैन । एनसेलका ग्राहकले पहिलो पटक यो एप डाउनलोड गर्दा १ जीबी डेटा पनिनिःशुल्क प्राप्त गर्दछन् ।

## कांग्रेस-एमालेको सहमतिमा चीन भ्रमणका एजेन्डा तय हुने

सुदूरपश्चिम । गृहमन्त्री रमेश लेखकले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणमका क्रममा नेपाली कांग्रेस र नेकपा (एमाले) को साझा 'एजेण्डा' प्रस्तुत हुने बताउनुभएको छ ।

नेपाल प्रेस युनियन, कैलालीले विहिबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा गृहमन्त्री लेखकले सत्ताघटक दुई ठूला राजनीतिक दलको तर्फबाट भ्रमणअघि तयार गरिने साझा एजेण्डा नै चीन भ्रमणमा प्रस्तुत हुने भएकाले बजारमा फैलाइएको हल्लाजस्तो कुनै पनि समस्या नभएको स्पष्ट गर्नुभयो ।

मुलुकमा राजनीतिक स्थिरता, सुशासन र समृद्धिका पक्षमा यो सरकार गठन भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले सत्ता साझेदार प्रमुख दुई दलबीच अहिले कुनै पनि विषयमा असमझदारी नभएको बताउनुभयो ।

लोकतन्त्र र संविधानका विरुद्धमा हुने कुनै पनि गतिविधि सैह्य नहुने उल्लेख गर्दै उहाँले भन्नुभयो,"प्रमुख दुई पार्टीबीच आपसमा कुनै समस्या सिर्जना नहोस् भनेर केन्द्रदेखि जिल्ला तहसम्म दुवैतर्फका प्रतिनिधि सम्मिलित संयुक्त संयन्त्र बनाइएको छ, अराजकता र अस्थिरताको अन्त्यसहित राजनीतिक स्थिरता, सुशासन र समृद्धिका पक्षमा अघि बढको सरकारलाई अब कसैले रोक्न सक्दैन ।"रासस

# पर्साका सरकारी कार्यालयको पुँजीगत खर्च छ प्रतिशतमा सीमित

वीरगञ्ज । सङ्घीय सरकार मातहतका पर्साका सरकारी कार्यालयले चालु आर्थिक वर्षको चार महिनामा छ दशमलव ०८ प्रतिशत पुँजीगत खर्च गरेका छन् ।

कोष तथा लेखा नियन्त्रण कार्यालयका अनुसार पर्सास्थित ६६ सरकारी कार्यालय तथा पालिकाका लागि पुँजीगततर्फ वार्षिक रु दुई अर्ब ५८ करोड २७ लाख ८६ हजार सात सय ५० विनियोजन भएकामा चालु आवको कात्तिक मसान्तसम्ममा रु १५ करोड ६९ लाख ३३ हजार पाँच सय २८ खर्च भएको छ ।





कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख यज्ञराज उप्रेतीले सङ्घीय सरकार मातहतका सरकारी कार्यालयले चालु आवको चार महिनामा पुँजीगत खर्च नगन्य मात्रामा गरेका बताउनुभयो । "चालु आवको कात्तिक मसान्तसम्मको अवधिमा नयाँ बोलपत्र 'डकुमेन्ट' बनाउनेदेखि बोलपत्र आह्वानसम्मका काम हुने भएकाले पुँजीगत खर्च बढ्न नसकेको हो", उहाँले भन्नुभयो, "अब चाडबाड र वर्षायाम पनि सकिएकाले सरकारी कार्यालयको पुँजीगत खर्च बढ्ने अपेक्षा गरेका छौँ ।"

पर्साका सरकारी कार्यालयको वार्षिक चालु खर्चतर्फ रु दश अर्ब ४६ करोड १४ लाख ७५ हजार चार सय ९९ विनियोजन गरिएको छ । चालु आवको चार महिनामा कूल विनियोजित रकमको २८ दशमलव २५ प्रतिशतअर्थात् रु दुई अर्ब ९५ करोड ५५ लाख ८० हजार दुई सय ३८ रकम खर्च भएको छ ।

पर्साका सरकारी कार्यालयले सोही अवधिमा रु ६५ अर्ब ७३ करोड २९ लाख २५ हजार एक सय १६ राजस्व सङ्कलन गरेका छन् ।रासस

# विभिन्न आपराधिक क्रियाकलापमा संलग्न आठ जना पक्राउ

काठमाण्डु । विभिन्न आपराधिक क्रियाकलापमा संलग्न आठ जना काठमाडौँबाट पक्राउ परेका छन् । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले डरत्रास देखाएर रकम असुल गर्ने, अनलाइन र वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गर्ने तथा बैङ्किङ कसुरमा फरार प्रतिवादीलाई पक्राउ गरेको हो ।

प्रहरीले 'ह्वाट्स एप'मार्फत डरत्रास देखाइ रकम असुली गरेको अभियोगमा भोजपुर नगरपालिका-११ घर भई हाल ललितपुर महालक्ष्मी नगरपालिका सानो गाउँ बस्ने ३२ वर्षीय डा आशिष दाहाललाई पक्राउ गरेको छ । काठमाडौँ उपत्यकाभित्र विभिन्न व्यक्तिलाई 'अन्डर कभर एजेन्ट' भनी ज्यान मार्ने धम्की दिई रु ५० हजारदेखि रु दुई लाखसम्म रकम माग गरेको आरोपमा प्रहरीले निजलाई शत्त मुलबाट पक्राउ गरेको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो । अनलाइनमार्फत ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-३२ ठेगाना भएका ३७ वर्षीय राजेश श्रेष्ठ हाँडीगाउँबाट पक्राउ परेका छन् । निजले सामाजिक सञ्जालमा सम्पर्क गरी विभिन्न बहानामा रु सात लाख ७५ हजार विभिन्न व्यक्तिको नाममा रहेको बैंक खातामा पठाउन लगाई ठगी गरेको खुल्न आएको प्रहरीले जनाएको छ । रासस

# 'फर्मासिष्ट'ले अनिवार्य सेतो 'एप्रोन' लगाउनुपर्ने

काठमाण्डु । आगामी पुस ४ गतेदेखि फर्मासिष्टहरूले सेतो एप्रोन लगाएर मात्र औषधि वितरण गर्नुपर्ने अनिवार्य व्यवस्था लागु गरिएको छ ।

नेपाल फार्मेसी परिषद्ले एक सूचना जारी गर्दै कुनै पनि सामुदायिक फार्मेसी वा अस्पतालका फार्मेसीमा औषधि वितरकका रूपमा कार्यरत फर्मासिष्ट र फार्मेसी सहायकले औषधि वितरण गर्दा नामसहितको सेतो एप्रोन(बाहिरी पोसाक) अनिवार्य लगाउनुपर्ने व्यवस्था गरेको हो ।





परिषद्का रजिष्ट्रार सञ्जीवकुमार पाण्डेले फर्मासिष्ट र फार्मेसी सहायकले यसको उल्लङ्घन गरेमा परिषद्को आचारसंहिता पालना नगरेको मानेर नियमानुसार कारबाही गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "ड्रेसकोडको पालना भए/नभएको परिषद्बाट नियमित अनुगमन हुनेछ । पालना नभएको अवस्थामा परिषद्को नियमावली, २०५९ अनुसार कारबाही प्रक्रिया अघि बढाइन्छ ।"

परिषद् ऐनको दफा ९ को उपदफा (क) ले दिएको अधिकार प्रयोग गरी फार्मेसी परिषद्ले फर्मासिष्टले हरियो पृष्ठभूमिमा सेतो रङ्गको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर उल्लेख गरिएको ड्रेसकोड लगाउनुपर्ने नियम बनाएको छ । त्यस्तै, फार्मेसी सहायकले निलो पृष्ठभूमिमा सेतो रङ्गको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बरसहितको एप्रोन लगाउनुपर्ने व्यवस्था गरेको हो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सुनसरीको इनरुवा नगरपालिका-२ स्थित बिहीबारे हटियामा बिक्रीका लागि राखिएका माछा । यहाँ प्रतिकिलो ३०० देखि रु ५०० सम्मका विभिन्न प्रजातिका माछा पाइने व्यापारी बताउँछन् । *तस्बिरः रासस*

# मतदातासँग सघन भेटघाटमा उम्मेदवार




महोत्तरी । अन्तिम नामावली प्रकाशनसँगै निर्वाचन चिन्हसमेत पाएपछि महोत्तरीको रामगोपालपुर नगरपालिका-२ को स्थानीयतह उपनिर्वाचनका उम्मेदवार मतदातासँग सघन भेटघाटमा छन् । जिल्लामा एउटा मात्र वडामा भइरहेको उपनिर्वाचनमा अहिले रामगोपालपुर-२ का घरघरमा उम्मेदवार र समर्थकहरू पुग्न थालेका हुन् ।

निर्वाचन आयोगले बुधबार मनोनयन फिर्ता लिएर बाँकीलाई निर्वाचन चिन्ह प्रदान गरेपछि उम्मेदवारको मतदातासँगको भेटघाट बाक्लिएको हो । रामगोपालपुर-२ मा हुने उपनिर्वाचनअन्तर्गत चुनावी मैदानमा सात दलका र ११ स्वतन्त्रसहित १८ जना उम्मेदवार छन् । बीस जनाले उम्मेदवार हुन मनोनयनपत्र दर्ता गराएका थिए । हिजो बुधबार जनमत पार्टीका ललिन्द्रकुमार साह र स्वतन्त्र विमलेन्द्रकुमार यादवले मनोनयन फिर्ता लिएपछि चुनावी मैदानमा १८ जना उम्मेदवार छन् । सबै उम्मेदवार एकपछि अर्को गर्दै घरघरमा मतदातासँग भेट्ने क्रम बढ्सँगै यहाँका मोहनपुर, टेडर र बसबिट्टी बस्तीमा अहिले चुनावी वातावरण तातेको छ ।

चुनावी मैदानमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र राष्ट्रिय स्वतन्त्र पार्टीबाट क्रमशः मोहम्मद जनिफ खाँ, सकिबुल खाँ, आइतीकुमारी यादव र खुरसेद खाँ उम्मेदवार हुनुहुन्छ । यसैगरी जसपा नेपाल, राप्रपा र राष्ट्रिय जनता पार्टीबाट क्रमशः मोहम्मद नजामुद्दिन खाँ, मोहम्मद मनान खाँ र राजेशकुमार यादव प्रतिस्पर्धामा हुनुहुन्छ । यी बाहेक ११ जना स्वतन्त्र उमेदवारमा विजयकुमार सिंह, रामऔतार यादव, राजदेव यादव, राकेशकुमार यादव, मोहम्मद इमामुद्दिन खाँ, मोहम्मद अरमान रजा खाँ, मुकेश्वर ठाकुर, नजामुद्दिन खान, धीरेन्द्रप्रसाद यादव, गङ्गाप्रसाद यादव र अशोककुमार यादव हुनुहुन्छ ।

यसअघि विसं २०७९ को स्थानीय तह निर्वाचनमा नेकपा (माओवादी केन्द्र) बाट निर्वाचित वडाध्यक्ष मुकेशकुमार यादवको दुर्घटनामा निधन भएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो । यही मङ्सिर १६ गते हुने मतदान तालिकाको निर्वाचनमा दल र स्वतन्त्र उम्मेदवारी दिनुभएका सबै आ-आफ्नो जितको दाबी गर्दै हुनुहुन्छ ।

जिल्लाभरिमा एक ठाउँमात्र हुन लागेको उपनिर्वाचनमा सबैजसो दलका केन्द्रदेखि जिल्ला र नगरतहसम्मका नेता, कार्यकर्ता अहिले रामगोपालपुर-२ केन्द्रित हुनुहुन्छ ।रासस

# सम्मान र पुरस्कारले उत्साहित पूजा



महोत्तरी । यु-१९ महिला क्रिकेट टोलीकी कप्तान पूजा महतोलाई अहिले सम्मान तथा पुरस्कार ग्रहण गर्न भ्याइनभ्याइ भएको छ । हालै युनाइटेड अरब इमिरेट्स (युएई) मा यु-१९ महिला टी-२० विश्वकप प्रतियोगितामा छनोट भइ घर फर्केदेखि पूजालाई भेट्ने, बधाई दिने र सम्मान तथा पुरस्कार दिनेको लाम लागेको छ ।

काठमाडौँ हुँदै शुक्रबार आफ्नो घर महोत्तरीको गौशाला नगरपालिका-९ डुमरवाना पुगेकी पूजालाई त्यसयता दिनहुँ बधाई दिने र सम्मान तथा पुरस्कार दिनेको लाम लाग्ने गरेको छ । शुक्रबार पूजालाई कुशवाहा कल्याण समाजका अध्यक्ष विजयकुमार महतोसहितका पदाधिकारीले सम्मानपत्र र रु ५१ हजार नगद पुरस्कार प्रदान गरेका थिए । सोही दिन गौशाला नगरक्षेत्रका बस्ती बस्तीमा दीपावली गरेर नगरबासीले खुशी व्यक्त गरेका थिए ।

यसैगरी शनिबार र आइतबार दिनभरि पूजालाई भेट्नेको उनको घरमा घुइँचो लागेको थियो । नेकपा (माओवादी केन्द्र) का उपमहासचिव गिरिराजमणि पोखरेलदेखि जिल्लाका विभिन्न राजनीतिक दलका नेता, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, विभिन्न खेलका खेलाडी र सयौँ सर्वसाधारणले उनलाई बधाई दिँदै यु-१९ महिला टी-२० एसिया कप र विश्वकपको शुभकामना दिएका थिए ।

गत सोमबार पूजालाई एनपिएल टोली जनकपुरधाम बोल्ट्सले 'फेस अफ दी बोल्ट्स' को रुपमा सार्वजनिक गरेको छ । एक समारोहबीच उक्त टोलीले उनलाई रु ५० हजार पुरस्कार प्रदान गरेको थियो । सोमबार नै गौशाला नगरबासीले पूजाको शोभायात्रा सम्पन्न गरेका छन् । विशेष रुपले सजाइएको रुथरुपी सवारीमा पूजा र उनका परिवारजनलाई राखेर गौशाला नगरपालिकाका सबै बस्तीमा घुमाइएको थियो । शोभायात्रामा गौशाला-२ घर भएका सांसद लक्ष्मी महतो कोइरी, गौशाला नगरप्रमुख डा दिपेन्द्र महतोसहित जनप्रतिनिधि, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, खेलाडी तथा सर्वसाधारण सहभागी थिए ।

मङ्गलबार गौशाला नगरपालिकाले पूजालाई सम्मान गरेको थियो । नगरप्रमुख डा दिपेन्द्र महतोले पूजालाई रु एक लाख ५१ हजार प्रदान गरेका थिए । उनलाई मङ्गलबार नै मधेश प्रदेश सरकारका खेलकुदमन्त्री प्रमोदकुमार जयसवालले डुमरवानास्थित उनको घरमै पुगेर बधाई दिएका थिए । "प्रदेश सरकार खेलाडीहरुका साथमा छ, मधेश सरकार खेलक्षेत्रको विकासका लागि हरसम्भव प्रयत्न गरिरहनेछ", मन्त्री जयसवालले पूजालाई बधाई दिँदै भने ।

बुधबार पनि पूजाको डुमरवानास्थित घरमा उनलाई भेट्ने, बधाई दिने र सम्मान पुरस्कार दिनेको लाम देखिन्थ्यो । रामगोपालपुरस्थित जानकी एकेडेमिक हस्पिटल प्रालिका सञ्चालक र चिकित्सकहरुको टोलीले उनको घरमै पुगेर रु ११ हजार पुरस्कार प्रदान गरेको थियो ।"विश्वकपमा उत्कृष्ट खेल प्रदर्शन तथा एशिया कप उचाल्ने अबको लक्ष हो", पूजाले बधाई दिन आउनेलाई जवाफ दिने गरेकी छिन् ।रासस

# महोत्तरीमा १५ प्रतिशत परिवार अझै शौचालयको पहुँच बाहिर

महोत्तरी । यहाँका १५ प्रतिशतभन्दा बढी घरपरिवार अझै शौचालय पहुँच बाहिर छन् । दुई दिनअघि गत मङ्गलबार विश्व शौचालय दिवस मनाइँदा सरसफाइको मुख्य पाटो मानिने शौचालय नभएका अझै महोत्तरीमा १५ दशमलव चार प्रतिशत घरपरिवार रहेको तथ्याङ्क छ । खासमा सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवसरको पहुँच बाहिरका सिमान्तकृत जाति समुदायका घर शौचालयविहीन छन् ।

महोत्तरीको यो अवस्था राष्ट्रिय जनगणना–२०७८ को तथ्याङ्क हो ।मुलुक खुला दिसामुक्त राष्ट्र घोषणा भएको पाँच वर्ष नाघेको छ । विसं २०७६ असोज १३ गते नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा भएको हो । त्यसयता विपन्न परिवारका घरमा शौचालय निर्माणका योजना नबन्दा महोत्तरीका १५ दशमलव चार प्रतिशत घरका जनता दिसापिसाब गर्न अझै खुला चउर, झाडी र सडक पेटी प्रयोग गर्न बाध्य छन् ।

भगाहा-४ को रामनगर बस्तीको मुसहरीटोलमा ३५ घर छन् । पराले झुप्राको बस्तीका यी घरको उपयोगमा एउटा पनि शौचालय छैन । "चर्पी चाहिन्छ भन्ने त बुझेका छौँ, तर हाम्रो टोलमा कसैसँग त्यसका लागि जग्गा र बनाउने पैसा छैन", बस्तीका अगुवा जुगल सदा मुसहर भन्नुहुन्छ, "घरघरै नभए टोलभरिकै लागि एकै ठाउँमा पानीको सुविधासहितको साझा चर्पी बनाइ दिने कोही उभिए गुन गाउँथ्यौँ ।" जिल्लामा मुसहर, बाँतरजाति समुदायको सबैभन्दा बढी बसोबासको स्थानीय तह भङ्गाहा नगरपालिका हो ।

यसै नगरक्षेत्रमा २७ दशमलव नौ प्रतिशत घर अझै शौचालयविहीन रहेका राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अभिलेखमा उल्लेख छ । जिल्लाका सबैजसो विपन्न दलित बस्तीमा यही अवस्था देखिन्छ ।



जिल्लाका कतिपय दलित बस्तीमा शौचालय चाहिन्छ भन्ने चेतना खुले पनि ठाउँ र रकमको अभाव देखिन्छ । जिल्लामा मुसहर, बाँतर, डोम, मेस्तर र हलखोरसहितका अति विपन्न जाति समुदायका बस्तीका घर शौचालयविहीन छन् ।

कतिले शौचालय जरुरी भएको बुझे पनि अधिकांशले अझै यो अनिवार्य आवश्यकता भन्ने बुझिसकेका नहुँदा यो अवस्था अन्त्य हुन नसकेको सामाजिक सङ्घ संस्थाका अगुवा बताउँछन् । जिल्लामा कूल एक लाख ३७ हजार ९०२ घरपरिवारमध्ये १५ दशमलव चार प्रतिशत घर अझै शौचालयविहीन रहेका छन् । योभित्र सबैभन्दा बढी भङ्गाहा नगरक्षेत्रमा २७ दशमलव नौ र सबैभन्दा कम बर्दिबास नगरक्षेत्रमा चार प्रतिशत घर शौचालयविहीन रहेका सो तथ्याङ्क प्रतिवेदनमा उल्लेख छ । विसं २०६८ र २०७८ को बीचको १० वर्ष अवधिबीच सरसफाइ सचेतना र शौचालय निर्माणको काम अभियानमा सञ्चालन गरिँदा राम्रो सकारात्मक परिणाम मिले पनि २०७८ यता यो अभियान पूरै सुस्त हुँदा अवस्था ज्यूँका त्यूँ रहेको सामाजिक क्षेत्रका अगुवा प्रयास महोत्तरीका अध्यक्ष प्रवीण कर्ण बताउनुहुन्छ । जिल्लाका १५ स्थानीय तहका सबै बस्तीमा केही न केही शौचालयविहीन घर छन् । घरमात्र नभएर जिल्लाका खुबै चल्तीका बजारक्षेत्र, चोक, हाटजस्ता सार्वजनिक ठाउँमा पनि सार्वजनिक शौचालयको अभाव छ । यो अवस्था अन्त्यका लागि सम्बन्धित स्थानीय तहहरुले स्पष्ट खाकासहित योजनाबद्ध काम अघि बढाउन आवश्यक रहेको जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमारलाल कर्ण बताउनुहुन्छ ।

"स्थानीय तह र यहाँका सामाजिक सङ्घ संस्थाले एकसाथ योजनाबद्ध रुपमा काम थाले अब शौचालयविहीन अवस्था हटाउन सकिन्छ, हाम्रो सामूहिक प्रयत्नले यो गर्न सकिने काम हो", कर्ण भन्नुहुन्छ, "यसपटक सबै स्थानीय तहले शौचालय बन्न नसकेका कारण पहिल्याउँ, त्यसको निदान खोजौँ , सहयोगी हात भेटिनेछन् ।" सङ्कल्पसाथ काममा लागे स्थानीय तहमा रहेको नेतृत्वले आफ्नै कार्यकालमा यो काम सम्पन्न गर्नसक्ने कर्णको विश्वास छ ।

शौचालय सुविधाको उपयोगको दृष्टिले मधेश प्रदेशलाई हेर्दा यहाँ अझै १२ प्रतिशत घरपरिवार यो सुविधाबाट वञ्चित छन् । मधेशका कूल ११ लाख ५६ हजार तीन सय ८३ घरपरिवारमध्ये ८८ प्रतिशतले कुनै न कुनै प्रकारका शौचालयको प्रयोग गरेका राष्ट्रिय जनगणना-२०७८ को प्रतिवेदनमा उल्लेख छ । मधेशका अब १२ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुग्न बाँकी छ ।

विसं २०६८ को राष्ट्रिय जनगणनामा हालको मधेशका आठ जिल्लामा ७२ दशमलव सात प्रतिशत शौचालयविहीन घर रहेका तथ्याङ्क थियो । विसं २०६८ र २०७८ को बीच अवधिमा सरसफाइ सचेतनाका जागरणका सघन अभियानले निकै राम्रो परिणाम दिएको २०७८ को राष्ट्रिय जनगणनाको परिणामले देखाएको छ । त्यो दशक (२०६८-२०७८) को प्रयत्न झैँ एक पटक सबै सम्बद्धपक्षले यो अवस्था अन्त्यका लागि सङ्कल्पसाथ लागे चाँडै नै सकारात्मक परिणाम प्राप्त हुने सामाजिक तथा स्वास्थ्य अभियानकर्मी बताउँछन् ।

स्थानीय तह र सामाजिक सङ्घ संस्थाको सामूहिक प्रयत्नले यस्तो परिणाम प्राप्त गर्नसकिने सरसफाइ सचेतना अभियानमा लामो अनुभव सँगाल्नुभएका रतौली युवा क्लबका संस्थापक अध्यक्ष वैद्यनाथ चौधरी बताउनुहुन्छ ।रासस

# बहुदरमाई नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिले चार महिनादेखि तलबभत्ता पाएनन्

वीरगञ्ज । जिल्लाको बहुदरमाई नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीचको वैमनस्यताका कारण कर्मचारी तथा जनप्रतिनिधिले साउन महिनादेखि तलबभत्ता सुविधाबाट वञ्चित भएका छन् ।

चालु आर्थिक वर्षको खाता सञ्चालन नहुँदा नगरपालिकाको विकास निर्माणदेखि सुत्केरीभत्ता, दीर्घरोगीले पाउने सुविधा र विद्यार्थीले पाउने छात्रवृत्तिदेखि दैनिक खाजा खर्चसम्म सबै रोकिएको छ । स्थानीय तहले असार १० गतेभित्रै पालिकाको नगरसभाबाट आगामी आवको नीति कार्यक्रम तथा बजेट ल्याउनुपर्ने व्यवस्था भए पनि सो नगरपालिकाले सो मितिमा नगरसभा गर्न सकेन ।

नगरपालिकाभित्रको विवादको कारणले ढिलोगरी गत कात्तिक ८ गते नगरसभाबाट पालिकाको नीति तथा कार्यक्रम र बजेट ल्याएको थियो । बहुदरमाई नगरपालिकाका प्रमुख सिंहासन साह तेलीले नगरसभाबाट बजेट स्वीकृत भएको झण्डै एक महिना बित्न लाग्दा पनि प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अधिकार प्रत्यायोजन नगर्दा जनप्रतिनिधि र कर्मचारी चार महिनादेखि तलबभत्ता तथा अन्य सुविधाबाट वञ्चित भएका हुन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ अनुसार नगरसभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । बहुदरमाई नगरपालिका उपप्रमुख सुष्माकुमारी कुशवाहाले नगरसभाबाट बजेट पारित भएको एक महिना बित्ने लाग्दा पनि नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारनामा नदिँदा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीले तलबभत्ता नपाएको बताउनुभयो ।

"मैले पटकपटक, प्रमुखसँग समन्वय गरिसके । तर, उहाँले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी नदिँदा अहिले नगरपालिकाको कर्मचारी तलब बेतनदेखि




नगरपालिकाको सम्पूर्ण आर्थिक गतिविधि ठप्प छन् । ", उहाँले भन्नुभयो, "नगरपालिका तथा सम्पूर्ण वडा कार्यालयमा कार्यरत कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक कर्मचारी, स्वास्थ्य निकायका कर्मचारीले २०८१ साउनदेखि तलबभत्ता पाएका छैनन् । विद्यार्थीले छात्रवृत्ति, दैनिक खाजा खर्च,सुत्केरी भत्ता सबै रोकिएको छ । "

पालिकामा रहेका कर्मचारी, जनप्रतिनिधि सामुदायिक विद्यालयका शिक्षक गरी झण्डै एक सयभन्दा धेरै कर्मचारी तथा जनप्रतिनिधिले साउनदेखि कात्तिकसम्मको कुनै पनि तलबभत्ता, दशैँ खर्चलगायत सुविधा पाएका छैनन् । उपप्रमुख कुशवाहाले साउनदेखि नगरभित्रका सम्पूर्ण विकास निर्माण कार्यहरु पनि रोकिएको जानकारी दिनुभयो ।

कोष तथा लेखा नियन्त्रण कार्यालय पर्साका प्रमुख यज्ञराज उप्रेतीले पर्साको बहुदरमाई गाउँपालिकाको खाता अहिलेसम्म पनि सञ्चालनमा नआएको बताउनुभयो । गत कात्तिकमा नगरसभा भए पनि नगरपालिका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी नदिँदा अहिलेसम्म खाता सञ्चालनमा हुन सकिरहेको छैन", उहाँले भन्नुभयो, "चालु आवको साउनदेखि पालिकाको सम्पूर्ण आर्थिक गतिविधि ठप्प छ । आवश्यक समन्वय गरिरहे पनि अहिलेसम्म विवाद समाधान भएको छैन ।"

गत कात्तिक ३० गते नगरपालिकाका उपप्रमुख कुशवाहा, वडा नम्बर १ का वडाध्यक्ष प्रमोदप्रसाद यादव, वडा नम्बर २ का वडाध्यक्ष जीतेन्द्र पटेल, वडा नम्बर ३ का दिनेश यादव, वडा नम्बर ४ का सुरेन्द्रप्रसाद यादव, वडा नम्बर ५ का वडाध्यक्ष सुनिल महत्तो कोइरी र वडा नम्बर ९ का वडाध्यक्ष रवीन्द्रप्रसाद गुप्ताले जिल्ला प्रशासन कार्यालय पर्सालाई संयुक्त रुपमा ज्ञापनपत्र बुझाएका थिए ।

बहुदरमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तफाले नगरप्रमुखले नगरसभाबाट पारित भएको बजेटको अख्तियारी नदिँदा कर्मचारी तथा जनप्रतिनिधिले तलबप्राप्त गर्न नसकेको बताउनुभयो । "नगरप्रमुख ज्यूले अख्तियारी नदिँदा पालिकाको खाता अझैसम्म पनि सञ्चालन गर्न सकिरहेका छैनौँ," उहाँले भन्नुभयो ।

नगरपालिका प्रमुख तेलीले प्रमुख प्रशासकीय अधिकृतको असहयोगका कारण अख्तियारनामा दिन केही ढिलाइ भएको स्वीकार्नुभयो । "गत कात्तिक ८ गते नगरसभाबाट बजेट पारित गरेका छौँ । चाडपर्व र अन्य विविध कारणले अख्तियारी दिन केही समय लागेको हो", उहाँले भन्नुभयो, " मङ्सिरभित्रै अख्तियारी दिनेछु ।"रासस


# बाढीबाट भएको क्षतिको विवरण सङ्कलन गर्दै कृषि मन्त्रालय

काठमाण्डु । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि क्षेत्रमा बाढीपहिरोबाट भएको क्षतिको तथ्याङ्क सङ्कलन थालेको छ ।

गत असोजको बाढीपहिरोले देशभर भएको क्षतिको विवरण सङ्कलन प्रदेशस्थित कृषि कार्यालयमार्फत थालिएको उक्त मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले बताउनुभयो ।




वास्तविक किसानको नोक्सानीको विवरण सङ्कलन भएपछि उनीहरुलाई विभिन्न दातृ निकाय तथा विकास साझेदारसँग समन्वय गरी सहयोग गर्ने सरकारको योजना छ । सूचना अधिकारी जोशीका अनुसार सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपुर, बागलुङ, खोटाङ, झापा, कैलाली, लमजुङ, पर्वत, कास्की, स्याङ्जा, सिन्धुली, मकवानपुर र काभ्रेपलाञ्चक जिल्लामा क्षति भएको छ । बाढीबाट रु छ अर्बको क्षति भएको मन्त्रालयको अनुमान छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# भ्रष्टाचारविरुद्धको नारा

देशका नेता, मन्त्री, सांसद, बुद्धिजीविलगायत सबैले भ्रष्टाचारको विरोध गर्छन् । भ्रष्टाचारविरुद्ध सबैले अभियान पनि चलाउने गरेका छन् । भ्रष्टाचार विरोधी नारा 'पपुलर' छ । सरकारको आलोचना गर्न सबैभन्दा सहज नारा भ्रष्टाचार बन्ने गरेको छ । नेपालमा भ्रष्टाचारको मुद्दा निरन्तर उठिरहे पनि भ्रष्टाचार झन् बढेको छ । संसारमै नेपालको भ्रष्टाचारमा अग्रस्थान छ । भ्रष्टाचार नियन्त्रण गर्न विभिन्न संसदीय समिति सक्रिय छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धिकरण विभागलगायतले काम गरिरहेका छन् । तर देशमा भ्रष्टाचार रोकिएको छैन । भ्रष्टाचारको रकम अत्यन्त न्यूनदेखि अर्बौंसम्म रहेको छ । भ्रष्टाचारविरुद्ध नेताहरुले पनि सर्वाधिक भाषण गर्छन् । उनीहरुले भ्रष्टाचारलाई रोक्नै पर्ने बताउँछन् । भ्रष्टाचारविरुद्ध सक्रिय भएर लाग्न कार्यकर्तालाई निर्देशन दिन्छन् । पछिल्लो पटक भ्रष्टाचारविरुद्ध आम जनता पार्टी(आजपा)का अध्यक्ष समेत रहेका सांसद प्रभु साहले मधेश प्रदेशमा अभियान चलाएका छन् । उनको अभियान मधेश प्रदेशको आठै जिल्लामा चलेको छ । भ्रष्टाचारमा संलग्न रहेकाहरुलाई भाँटे कारबाही गर्न उनले आह्वान गरेका छन् । भ्रष्टाचारीलाई सरकारले संरक्षण गरेको उनले आरोप लगाएका छन् । सत्तासीन दलका शीर्ष नेताहरुले नै भ्रष्टाचारीलाई संरक्षण गर्ने भएकाले देशमा भ्रष्टाचार झनै मौलाएको उनको आरोप छ । विगतमा उनी माओवादीका नेता थिए । माओवादीको सशस्त्र आन्दोलनको क्रममा उनी पनि बहुत सक्रिय थिए । रौतहट जिल्लाबाट उनी चुनाव लड्न थालेदेखि पराजित भएका छैनन् । उनकी पत्नी रीना साह लगातार रौतहट जिल्लाको मौलापुर नगरपालिकाका मेयर चुनिएकी छन् । मौलापुर नगरपालिकामा आर्थिक अनियमितता व्यापक रहेको र बेरुजुको चांग नै लागेको तथ्यांकहरु छन् । मौलापुर नगरपालिकामा हरेक वर्ष मेला आयोजनाको नाममा भारतीय फिल्मी कलाकारहरुलाई ल्याएर लाखौं रकम खर्च गरिन्छ । अन्य शीर्षकहरुमा पनि व्यापक खर्च भइरहेको छ । प्रभु साहमाथि हालसम्म औपचारिक रुपमा भ्रष्टाचारको अभियोग लागेको देखिदैन । भ्रष्टाचारमा लिप्त रहेकाहरुलाई कारबाहीको माग गर्ने साहले मौलापुर नगरपालिकामा हुने गरेको आर्थिक अनियमितता रोक्न पनि पहल गर्न आवश्यक छ । भ्रष्टाचारविरुद्धको नारा दिने कयौं नेताहरु सहकारीको रकम अपचलनमा परेका छन् । कयौं नेता कयौं काण्डहरुमा मुछिएका छन् । तर उनीहरु राजनीतिक शक्तिको प्रयोग गर्दै दोषी ठहर हुँदन । कयौं मुद्दामा सरकारले नै भ्रष्टाचारीलाई जोगाउने गरेको देखिन्छ । प्रभु साहले भ्रष्टाचारविरुद्धको अभियान चलाउँदा आफ्नै गृह पालिकामा पनि त्यो अभियानलाई कार्यान्वयन गर्न आवश्यक छ ।

# प्रधानमन्त्रीज्यू नेपालमा बिआरआई अनुदान कि 'ऋण जाल' ?



अनिल तिवारी

व्यक्ति,परिवार वा कुनै पनि मुलुकको पहिलो अभीष्ट आर्थिक विकास हो । तर यो त्यत्तिकै प्राप्त हुँदैन । यसका लागि दृढ इच्छाशक्ति सहितको कठोर कार्यशैली चाहिन्छ। सबैखाले विचारदर्शन बोक्ने व्यक्ति वा सरकारहरू आर्थिक विकासको माध्यमबाट जनमुखी राज्यप्रणली संचालन गर्ने चाहना राखेका हुन्छन ।

आर्थिक विकासको आधार क्रयशक्तिमा आधारित रहेको हुन्छ ।'आम्दानी अठनी खर्चा रुपैया'को नितिले दिवालीयापनलाई मात्रै निमत्याउ छ। जुन अहिले पोखरा र झापाको भ्यू टावरले प्रमाणित गर्दै छ।

सहि आयअनुसार कुनै घर वा मुलुक मुली अर्थाता जननेताले विकास अभियानलाई अगाडी बढाउने संकल्प लिने गरेका हुन्छन । नेपालले आर्थिक विकासका लागि उच्च, फराकिलो, समावेशी र दिगो आर्थिक वृद्धिको लक्ष्य राख्दै आएको छ । तर प्रजातन्त्रको प्राप्तिको साढे तिन दशक पार गर्दा पनि एक्काइसौं शताब्दीमा पनि हामी भने, स्वस्थ, शिक्षित र सुरक्षित जीवनयापनका सामान्य कुराका लागि संघर्ष गरिरहेका छौ ं।

आर्थिक बिकासको पहिलो सर्त राजनीतिक स्थिरता नै हो ।जनतामाझ दुइ परस्पर गठबन्धनबाट निर्वाचित भएका दुइ दलीय गठबन्धनको सरकार छ । सख्याको हिसाबले पहिलो सबै भन्दा ठुलोदलको रुपमा चुनिएको नेपाली कांग्रेसको समर्थनमा बिपरित गठबन्धनबाट चुनाव लडेर निर्वाचनमा दोश्रोको हैसियतमा रहेको एमाले सरकारको नेतृत्व गरिहेको छ ।जसलाई सबै भन्दा शक्तिसाली सरकार ठानीएको छ ।राजनैतिक प्रणालीमा स्थिरता हुँदा अन्य पक्ष सुरक्षित हुन्छन् । स्थिरताअन्तर्गत निर्वाचन मात्र पर्दैन, जवाफदेहिता, प्रणाली संरक्षण, जनभावनाको प्रतिनिधित्व र निरन्तरता पनि पर्छन् ।

यस परिपेक्ष्यमा प्रधानमन्त्री केपि ओली नेतृत्व सरकारको पहिलो चिन भ्रमणको तिब्र तयारी चलिरहेको छ । भ्रमणबाट अतिथि भन्दा आतिथ्य मुलुकले ठुलो सपनासंगालो लिएको छ । ओलीको बिशेष क्रिपाबाट नेपालमा बिआरआई लागु गराउन हिजो-आज चिनिया दुतावासको दौडधुप राजधानीमा बाक्लीएको छ।

तर अर्को सत्ताधारी दल नेपाली कांग्रेस मुलुकको आर्थिक अवस्थालाई मध्यनजर गर्दै नेपालमा बिआरआई अनुदानको रुपमा लागु हुनु पर्दछ भने अडानमा छ। जुन चिनको लागी 'फलामको चिउरा' चपाए जस्तै हो।

विकासको शिखर चुमेका मुलुकहरूको अनुभवले के देखाउँछ भने कुनै पनि दातृ सरकार विकासको एक्लो प्रदाता होइन । लगानीकर्ताहरूको लागी उत्पादनशील क्षेत्रमा लगानी गर्नुभन्दा छिटो प्रतिफल दिने अवस्था छ कि छैन बिचारनीय हो ।तर बिआरआई बारे चिन नेपालमा जसरी पनि लागु गराउने अभियानमा छ ।वास्तवमा बिआरआईको आवश्यकता नेपाललाई छ कि छैन ? यो आफैमा प्रश्नको बिषय हो । बिआरआई अवश्यकता र औचित्य अनुसार 'दे दे भन्दा पनि ले ले' नेपालको लागी घाडो बनेको छ ,किन हो किन ?

बिआरआई पास भएन भने सरकार खसाउने धम्कीपुर्ण हल्ला उत्तरबाट चलाइएको छ। जुन आफैमा बिडम्बना पनि हो । नेपालमा बारम्बार सरकार परिवर्तनले मात्र अस्थिरता देखिएको होइन । राजनीतिक गणितले शक्तिमान सरकार र दरिलो प्रतिपक्ष हुँदा पनि स्थिरता देखिएन।

नेपालको सबैभन्दा महत्वाकांक्षी पूर्वाधार आयोजना मध्ये एक, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पनि हो । जुन लह-लहैमा चिनसंग ऋण लिएर निर्माण गरिए पनि संचालनमा आएको छैन ।तर चिनले यसलाई बिआरआई योजना अन्तर्गत पार्न प्रयासरत छ।

निर्माण भएको एयरपोर्टमा धैरै जोडघटाउ गरेर दोश्रो पटक अन्तर्राष्ट्रिय उडानलाई स्वागत गरिएको छ । यसपटक पनि कुण्मिङ, चीनबाट आएको चार्टर्ड उडान १२० यात्रुहरूसहित "२०२४ पोखरा अन्तर्राष्ट्रिय पर्वतीय क्रस-कन्ट्री प्रतियोगिता" र "पोखरा-कुण्मिङ अन्तर्राष्ट्रिय मैत्री सिटी लिग" मा सहभागी हुन पोखरा ओर्लिएको थियो । नेपालका लागि चिनियाँ राजदूत चेन सोंगले यस अवसरमा आफ्नो खुशी व्यक्त गर्दै लेखे, "कुण्मिङ, चीनबाट १२० यात्रु लिएर भर्खरै पोखरा अन्तरर्ाष्ट्रिय विमानस्थलमा अवतरण गरेको चार्टर्ड उडानलाई हार्दिक स्वागत छ । तपाईँहरु सबैलाई पोखरामा स्वागत छ, प्रतियोगिताको मजा लिऔं!"

तर, राजदूत चेनको गत अक्टोबर २०२३ को भनाइले, जसमा पोखरा विमानस्थललाई चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (द्यच्क्ष ) को हिस्सा भएको बताको थियो ।परिणाम स्वरुप नेपालमा राजनीतिक तथा आर्थिक बहस र विवादलाई चर्काएको छ । राजदूतको यो भनाइले उक्त आयोजनाको आर्थिक सम्भाव्यता, यसको निर्माणमा प्रयोग गरिएको भारी चिनियाँ ऋण, र नेपालको सार्वभौमिकता तथा वित्तीय स्थायित्व माथि पर्न सक्ने प्रभावहरूको गहिरो चर्चा चलिरहेको छ । चिनको लगानीमा प्रधानमन्त्री ओलीको गृह जिल्लामा निर्माण गरिएको भ्यू टावरको आवश्यकता र औचित्यको चौतर्फी बिरोध चलिरहेको छ । सबैलाई मध्यनजर गर्दै राष्ट्रवादी प्रधानमन्त्रीको भ्रमणबाट मुलुकले पनि ठुलो आशा र अपेक्षा राख्नु उचित नै हो । भ्रमणबारे मुलुकको एउटै प्रश्न छ ,प्रधानमन्त्रीज्यू नेपालको लागी बिआरआई अनुदान कि 'ऋण जाल' ?

चीनको बेल्ट एन्ड रोड इनिसिएटिभमा जोडिएको एउटा रणनीतिक आयोजना

जब चिनियाँ राजदूत चेन सोंगले अक्टोबर २०२३ मा सार्वजनिक रूपमा पोखरा विमानस्थललाई बीआरआई परियोजनाको हिस्सा भएको बताए । यो बिषयले मुलुभरी चर्चा र चिन्ताको रुप लियो ।सरकारकै तत्कालीन मन्त्रीको अगाडि चिनको झुठोलाई प्रतिवाद गर्न सकिएन ।जसको ठुलो आलोचना प्रचन्ड सरकारलाई खेप्नु पर्यो ।अग्रेजी नया सालको पहिलो दिन चिनलाई खुसी पार्न तत्काली प्रचन्डको निर्देशनमा राखिएको उक्त कार्यक्रम पुरा मुलुकलाई खलो बनायो । नेपाली सरकारले औपचारिक रूपमा पोखरा अर्न्तराष्ट्रिय बिमान निर्माण आयोजनालाई बीआरआई परियोजनाको रूपमा सपनामा पनि सचेको कुरा राजदूतले सुनाउने सबैलाई मर्माहित बनाउनु स्वभाविक पनि हो ।जसले गर्दा परियोजनामा चिनियाँ वित्तीय लगानी र निर्माण कार्यको उद्देश्यबारे गम्भीर प्रश्न खडा गरेको छ।

करीब २०० मिलियन अमेरिकी डलरमा निर्माण सम्पन्न भएको यो परियोजना मुख्य रूपमा चिनियाँ एक्सिम बैंकको ऋणमा आधारित छ, जसले नेपालको विदेशी ऋणमा थप बोझ बढाएको छ । पोखरा विमानस्थलको सीमित आयका सम्भावनाहरूका कारण यसलाई 'ऋण जाल'को रुपमा लिने गरिएको छ।

जहाँ चिनियाँ ऋणले नेपाललाई आर्थिक रूपमा चीनको प्रभावमा बन्धक बनाउने र पोखरा बिमान स्थल चिनिया सेनाको बन्धकमा पर्ने हो कि संकाकोलकाले चर्चा पाएको छ । यस ऋणको सम्भावित दीर्घकालीन असरलाई लिएर सार्वजनिक बहस व्यापक बनेको छ, जसमा केहीले यसलाई साधारण पूर्वाधार विकासभन्दा पनि ठूलो भूराजनीतिक चालका रूपमा हेर्न थालेका छन्।

ओली नेतृत्वको अहिलेको सरकारमा बीआरआई (बेल्ट एन्ड रोड इनिसिएटिभ अफ चाइना) परियोजना अगाडि बढ्छ कि बढ्दैन हेर्न बाँकी छ। यसअघि काँग्रेस र माओवादी नेतृत्वको सरकारले प्रतिस्पर्धी सर्तमा अनुदान वा सहुलियतपूर्ण ऋणमा जोड दिएका थिए - जसमा चिनियाँहरू सहमत हुन हिचकिचाउँदै आएका छन्।

तुलनात्मक रूपमा हेर्दा वाम गठबन्धन भन्दा नेपाली काँग्रेस सहितको गठबन्धन ओलीको लागी उपयुक्त देखिएको छ । पुरै समय यो गठबन्धनको सरकार चल्ने दाबी दुबै तर्फबाट झिकिदै छ।

अर्को तर्फ नेपालमा बढ्दो अमेरिका-चीन द्वन्द्वलाई नयाँ सरकारले कसरी व्यवहार गर्छ ।त्यो यो भ्रमणको मुलु पाटोको रुपमा रहेको छ । राजनीतिक गठबन्धन ' बन्दै- भत्किँदै' जानुले मुलुकको आर्थिक अवस्था कहालि लाग्दो छ । अल्पविकसित दक्षिण एसियाका श्रीलंका,पाकिस्तान,बंगलादेशमा बिआरआई देश र जनताको लागी अभिषाप साबित भएको हो । नेपाली युवाहरू भारत र खाडीमा काम खोजिरहेका छन् । तर मुलुकमै चलिरहेको होगंसी सिमेन्ट उधोगमा हजारौ चिनिया कैदी रोजगारी पाएका छन । नेपालको करिब एक तिहाइ जनसङ्ख्या वैदेशिक रोजगारीमा छन । हाम्रो आर्थिक निति बिदेशी लगानीको नाउमा बिदेशी मजदुर भित्र्याउदै छ।

अन्तर्राष्ट्रिय प्रभाव विस्तार गर्ने क्रममा चीनबाट महत्त्वाकाङ्क्षी परियोजना 'बेल्ट एण्ड रोड इनिसिएटिभ' बीआरआईमार्फत् कमजोर अर्थतन्त्र भएका मुलुकहरूलाई आबद्ध गराउने कोसिससंगै विगत लामो समयदेखि नेपालमा पनि भइरहेको सर्वविदित छ। यस क्रममा दक्षिण एसियाली गरिब राष्ट्रहरूमाझ सैन्य प्रभाव विस्तार गर्नु चिनीया चाहनाको सम्बन्धित मुलुकका जनताबाट बिरोध हुनु स्वाभाविक कुरा हो। पाकिस्तान, बंगलादेश, श्रीलङ्कामा असफल प्रमाणि भएको बिआरआईको ऋणभारलाई नेपालले थग्न सकने सम्भावना न्यून छ ।तर पनि चिनिको चौतर्फि प्रयास जारी छ ।जसको मुख्य उदेश्य ' ऋण जाल'मा आधारित नेपालमा चिनिया सैनिक औपनिवेशीकरण नै हो।

माओवादी कम्युनिष्ट पार्टिका प्रणेता माओको चीनलाई संशोधित अर्थतन्त्र मार्फत देंग श्याओ पिंगको विश्व अर्थतन्त्रसंग प्रतिस्पर्धी बनाउन गरिएका सफल प्रयासहरूको परिणाम स्वरूप चिन आर्थिक शक्तिको रुपमा उदयीमान भएको छ।

बातर्मान राष्ट्रपति सी जिनफिङले वैश्वीक समुदाय माझ बिआरआईको माध्यमबाट चिनको सैन्य औपनिवेशी करण गर्दै छन । चिनीया सेनाको शक्तिलाई बिस्तार गर्न चिनले बीआरआई एउटा शक्तिशाली उपक्रम रुपमा अगाडि बढाएको आरोप पनि लागीरहेका छन।

साना तथा सहयोगी मुलुकका लागी कल्याणकारी अर्थनीति भन्दा पनि चीनको आर्थिक रणनीति बढी व्यावसायिक र सैनिक बिस्तारको माध्यम बन्दै गएको हो, बिआरआई।

पूरै योजनाले दुइटा मौलिक समस्याहरुलाई उजागर गरेको छ। जसमा पहिलो आर्थिक नै रहेको छ। अहिलेसम्म, कुनै पनि परियोजनालाई बेल्ट एन्ड रोडसंग जोड्दा (चाहे त्यो लाहौरमा मेट्रो निर्माण होस वा गुइज़हौमा क्लाउड कंप्यूटिंग सेंटर ) चीनले एकदम सहजरुपमा ऋण दिने गरेको छ । जुनक्रम अहिले नेपालमा पनि बढेको छ ।तर यो सबै परियोजनांहरु एकदम फरक फरक रहेको र्स्वविदिनै छ । चिनिया सामरिक रणनितिको मातहत लागुभइरहेको योजनाहरु नेपालको लागी कति हितकर छ ? त्यसको आर्थिक परिणाम तर्फ खासै केलाइएको देखिएको छैन ।हो त्यो केहि नेता वा कर्मचारीहरुको लागी हितकर पक्कै हुन सक्छ । यो परियोजनाहरुको दुरगामी परिणाम बारे हामी नेपाली जनताको लागी कतिको हितकर छ , बुझ्न जरु पनि उतिकै छ।

यसका लागि नेपाल जस्ता ऋण तथा अनुदान सहयोगबाट खर्च जुटाउने राष्ट्र सहजता पूर्वक उपलब्ध पनि छन् । सन् २०१७ को मे महिनामा नेपाल र चीन सरकारले चीनको महत्वाकांक्षी बेल्ट एण्ड रोड इनिसिएटिभ्स 'बीआरआई' सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर पनि गर्‍यो । तर, निरन्तरको मागलाई बेवास्ता गर्दै पछिल्लो पाँच वर्षसम्ममा यस सम्बन्धित कागजात सार्वजनिक गरिएको छैन।


तत्कालीन परराष्ट्र मन्त्रालयका सचिव शंकरदास बैरागी र नेपालका लागि तत्कालीन चिनियाँ राजदूत यो होङद्वारा हस्ताक्षरित पाँच अनुच्छेदमा उद्धृत उक्त समझदारीपत्रलाई अध्ययन गर्दा चीनले नेपालको अर्थतन्त्रमा आफ्नो प्रभुत्व जमाउँदै आफ्नो मुद्रा प्रयोग गर्न मात्र नभई आफ्ना वस्तुहरू शून्य भन्सार दरमा बेच्न खोजेको स्पष्ट सङ्केत पनि देखिन्छ।

अनुच्छेद २ मार्फत सहयोगका क्षेत्रहरूको भाग २ मा सुविधा जडान बारे व्याख्या गर्दै रेलवे, सडक, नागरिक उड्डयन, पावर ग्रिड, सूचना र सञ्चार लगायत सीमापार पूर्वाधार परियोजनाहरूको संयुक्त अध्ययन र प्रवर्द्धन मार्फत पारवहन यातायात, लजिस्टिक प्रणाली, यातायात सञ्जाल सुरक्षा र सम्बन्धित पूर्वाधार विकासमा सहयोग अभिवृद्धि गरी कनेक्टिभिटीका लागि सहयोगलाई बलियो बनाउने भनिएको छ । तर, यस प्रयोजनका लागि ऋण तथा अनुदानबाट सञ्चालन हुने नेपालद्वारा चीनलाई कति सहयोग हुन सक्ला भन्ने प्रश्न उठ्छ नै । प्रष्ट छ यो एकतर्फी सहयोग हुनेछ जसलाई ऋण उपलब्ध गराएर पूर्णता प्रदान गरिनेछ।

चीनको ऋणबाट निर्माण गरिएको भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भुक्तान अवधि र ब्याजदर नेपाललाई चिन्तित पार्न पर्याप्त उदाहरण छन्। जानकारी अनुसार बीआरआईको एकदेखि डेढ प्रतिशत ब्याजदरमा सजिलै पाउन सकिने अन्तर्राष्ट्रिय ऋणको तुलनामा ४ प्रतिशतसम्म र अन्तर्राष्ट्रिय औसत २५-३० वर्षको भुक्तान अवधिको सट्टा १० देखि १५ वर्ष मात्र रहेको देखिन्छ ।जुन नेपालको आर्थिक अवस्था र दुइटै निर्माण योजनाको आम्दानीले प्रयाप्त छैन । स्मरण रहोस्, म्यादभित्र बीआरआईको ऋण तिर्न नसक्दा श्रीलंकाले आफ्नो हम्बनटोटा बन्दरगाहलाई लिजको रूपमा चीनलाई हस्तान्तरण गर्नु परेको छ ।अब हाम्रो पालो पोखरामा हो र ?



# विवाह संस्कार हो, कुनै व्यापार होईन



मुनेश्वर यादव

विवाह विभिन्न संस्कारहरुमध्ये मुख्य संस्कारमा गिनिन्छ ।विवाह बन्धनले नै गृहस्थ आश्रमको सर्वश्रेष्ठ मान्निछ।

वेद अनुसार विवाहको मुख्य उद्येश्य मनुष्य गृहस्थ भएर देवी देवताको लागि यज्ञ गर्नु तथा सन्तान प्राप्ति गर्नु हो । मनुस्मृती अनुसार- सन्तान उत्पति, धर्म, आनन्द सुख तथा पूर्खाह?का लागि स्वर्ग प्राप्ति स्त्री वर्गमा नै निर्भर हुन्छ । मनुस्मृती अनुसार हरेक महिला आमा बन्नका लागि र पुरुषको बुवा बन्नका लागि नै भएको हुन्छ । अतः कुनै धार्मिक कार्य पुरुषको आफ्नो स्त्रीको साथ नै सम्पन्न, गर्नु पर्ने देखिन्छ ।जसले गर्दा शारिरीक शुद्दता हुन्छ।

भृगु संहिता तथा माहाभारतमा उल्लेख अनुसार पुरुषको अर्थ हुन्छ पितालाई नरकबाट रक्षा गर्नु।

पुत्र प्राप्ति वा प्रजनन क्रियाको परिमाण न मानेर त्यसलाई धर्म साधन मानिएको छ । वास्तवमा विवाहको मुख्य आश्य हो, धर्म पालना किन की रती पनि धर्म हो । त्यो व्यक्ति पूर्ण व्यक्ति कहलाउने योग्य हो जसको साथमा स्त्री र बच्चा हुन्छ, अतः प्रत्येक हिन्दुहरुको लागि विवाह संस्कार गर्नु अनिर्वाय हो मानिएको छ। मानव वंश वृद्दिको लागि पनि अनिवार्य हो । हिन्दु विवाहलाई पवित्र मानिएको छ । अतः स्त्री-पुरुष अटुट बन्धनमा बाँधिएको हुन्छ । स्त्रीलाई पुरुषको अर्धाङ्गिनी पनि मानिन्छ । विवाह कुनै प्रकारको सम्झौता होइन, एक प्रकारको धार्मिक संस्कार हो । विवाह पंडितद्धा/ा अग्नि, देवी-देवता, कुल देवता तथा इष्टमित्र साथै समाजको साक्षी राखेर विवाह गर्ने गरिन्छ । यो संस्कार बाहेक हिन्दुहरु विवाह धार्मिक रुपले अवैध मानिन्छ।

विवाह मात्र वधु (कन्या) को होइन, वर (लडका) को पनि यस्तै संस्कार उद्येश्य अनुरुप हुन्छ । परापूर्वकालमा विवाह कार्य प्रयोजनमा वधु पक्षद्दारा वर पक्षलाई केही द्रव्य (गरगहना) नयाँ बस्त्र, गौदान, फलफुल आदि इत्यादी सौगातको रुपमा दिने परम्परा थियो । आज त्यो परम्परा तिलक(दाइजो) को रुपमा परिणत भएर एक भयावह समाजिक कुप्रथाको रुपमा घर घर व्यक्तिको मानसिकतामा जडो गाडी सकेको छ।

ठूला ठूला माननीय मन्त्री नेता अफिसर कर्मचारी, डाक्टर, इन्जिनियर, वकील, शिक्षित कहलाउने वा विभिन्न पार्टीहरुको घोषणापत्रमा नेताजी मञ्चमा मिठो मिठो भाषण गरी जन्तालाई झुक्याउने गर्दै आफ्नो छोरा-नातीको विवाह गर्ने बेला अदृश्य टेण्डर (दाइजो) खोली जसले गर्दा बढाबढको अधारमा बढी दाइजो को घरमा विवाह गर्ने गर्दछ।

किन की आफ्नो छोरा नातीको पढाउने कार्यको लागत पुँजी ब्याज सहित दाइजोबाट नै असुल गर्ने कृत्रिम परम्पराको विकास हो । आफ्नो छोरालाई उद्यमी, ज्ञानी, शिक्षित असल नागरिक बनाउनको निमित्त नै पढाई लेखाई गराइएको हुन्छ नकी अरुको छोरीको निमित्त पढाईएको होइन्न ? कुनै व्यक्तिको विवाह नहुञ्जेलसम्मको लागि स्कुल वा काँलेजमा पढाईएको हुन्छ । विवाह पश्चात घर व्यवहारको कार्यमा लगाईन्छ । छोरीको पढाईमा बढीमा १०+द्द सम्म पढाउने गरिन्छ । किनकी छोरी त अरुको घरमा गई जान्छिन । त्यस्तो साक्षर छोरीको लागि स्थायी जागिरे, डाक्टर वा इन्जिनयर वा ठूला बिजनेस म्यान नै चाहिन्छ । मुर्ख केटीको लागि पढेलेखेको वा जागिरे केटा दाइजोको माध्यमबाट खरिद बिक्री गरी दाइजो प्रथाको द्रुत विकास गर्ने गराउने प्रक्रिया कम गरौ।

छोरा भन्दा छोरीलाई बढी पढाउने असल उद्यमी, धार्मिक, व्यवहारिक, शिक्षा दिलाउँ किनकी सज्ञानी छोरी दिनु हुन्छ भने भोली तपाई पनि उद्यमी सज्ञानी बुहारी पाउन सक्नु हुन्छ । जुन घरमा उद्यमी सज्ञानी आइमाई हुन्छ त्यो घरको संस्कार पनि स्वर्ग जस्तो हुन्छ । एउटी सज्ञानी आइमाइबाट घरको १० जना सज्ञानी तयार हुन्छ । अतः घरलाई प्रथम पाठशाला मान्निन्छ।

विवाह छोरीको मात्रै होइन्न छोराको पनि हुन्छ ।दुवैको इज्जत संस्कार दिनचर्या आदि समान हुन्छ, छोरा अनुकुल बुहारी खोज्नु पर्छ । विवाहको लागि तीन पाटा हुन्छ - घरमुलीलाई दाइजो चाहियो केटी जस्तो सुकै हुन सक्छ । जन्तीलाई खानपान चाहियो, केटो (वर) लाई सुन्दरी केटी चाहियो।

नेताजीले विभिन्न मञ्चमा सासंदहरुले ठुला ठुला भाषण वाचा गर्ने घुस लिन्न् न दिन्छौ जस्तै दाइजो नलिन्छौ नदिन्छौ भन्ने देखावटी खोक्ला वाचा वा भाषा हुन, दाइजोको कारणले क्यौ घोर अपराधी हत्या काण्ड आदि देख्न र भोग्न परिरहेकोले त्यस्ता शिक्षित युवा, नेताजीहरु साथै सरकार माथि गम्भिर प्रश्न उठेकोछ । ती कुमारा, डाक्टर, इन्जिनियर, वकिल, स्थायी कर्मचारीहरु वा शिक्षित कहलाउनेहरु दाइजोको प्रश्रय दिने, आफ्नै शैक्षिक प्रमाण पत्रलाई आगो लगाउनु वा खोलामा फाल्ने जस्तो काम गर्नु , कोई चोरडाँका बनेर अरुको धन सम्पति मात्र लुट्ने तर कोही नाताजोर (सम्बन्ध गाँसेर) बनेर अरुको धन र इज्जत दुवै लुटने गरिन्छ।

विचरा .छोरीवालाहरु नायाँ लोकतन्त्रमा पनि पढेलेखेका, नेता, डाक्टर, इन्जिनियर ठुला अफिसर कहलाउने, कुन धनी कुन गरीब कहलाउने अभिभावक दुवै मिलेर दाइजो प्रथालाई प्रोत्साहन गर्ने गराउने यस्ता सामाजिक विकृतीलाई हालका अभियानीहरु अविवाहित युवा युवतीहरु आ-आफ्नो स्थानबाट म दाइजो लिन्न ठानी आफै हिम्मत गरौ फूलको आँखामा फूलै फूल.... काँडाको आँखामा काँडा.... जस्तै , अरुको धन दौलत (दाइजो) आफ्नो इज्जत मान र सम्मान बराबर हुँदैन।

जिन्दगी हिन्दु संस्कार अनुसार २ चोटी डोलीमा मात्रै चढ्छन् एक विवाह दोश्रो आर्यघाट जाने सम्म । अतः यस्ता शुभ विवाह जस्तो संस्कार कार्यमा सौदाबाजी, दलाली, व्यापारी जस्तो घृणित कार्य के हुन सक्छ ?

अन्तमा हिन्दु विवाह एक संस्कार हो, अदृश्य अटुट समाजिक जन्मान्तर रिस्ता पनि हो, कुनै सम्झौता होइन, यस्ता समाजिक कुप्रथा कुरीतीहरुलाई अभियानी रुपमा युवा युवतीहरु आफै र आफ्नै अभिभावकलाई चित बुझाई माने वा नमाने आफै अगाडी बढौं, औषधी एकछिन तितो लाग्छ पछि निको पार्छ । यस्ता पवित्र सामाजिक सुधार कार्यमा साथीहरुलाई प्रेषित गरेर दाइजो प्रथा उन्मुलनको एक नमुना मात्र आफै बनौ । पछि तपाईलाई गर्व हुन्छ की ससुराली पक्षबाट दाइजोको नाममा कतैबाट कसैको कुनै औला उठन न पायोस् । २६ वर्ष पहिले यसको एउटा उदाहरणको रुपमा लेखक म स्वयंम छु, झुठो सावित भए .....सहौला । यस्ता पवित्र कार्यमा सबैको मन्सा वाचा कर्मले लागौ।

## प्रथम त्रैमासिकको प्रगति समीक्षाः
# जनताले महसुस हुने गरी काम गर्न प्रधानमन्त्रीको निर्देशन



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले बैठक, छलफल र प्रशासनिक अल्झनमा मात्रै नलागेर जनताले महसुस हुने गरी काम गर्न निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायको चालु आर्थिक वर्षको प्रथम चौमासिकको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा सम्बन्धित निकायको प्रस्तुतिकरण सुनेपछि प्रधानमन्त्री ओलीले काम गर्ने व्यवहार र मानसिकतामा परिवर्तन गर्न निर्देश गर्नुभएको हो ।

प्रधानमन्त्री ओलीले देश विकास गर्ने प्रतिबद्धताका साथ लागेर स्वच्छ र पारदर्शीरुपमा काम गर्न आग्रह गर्दै सुशासन कायम, राजस्व चुहावट नियन्त्रण, गरिबी निवारण, मुलुकको छवि अन्तर र्राष्ट्रियस्तरमा अभिवृद्धि र साधन स्रोतको उपयोग बढाउने गरी काम गर्न स्पष्ट निर्देशन दिनुभयो ।

“भोलिदेखि नै परिवर्तन आउने गरी काम गर्नुस् । बैठकहरुको औचित्य सिद्ध गर्नुस् । अर्को बैठकमा आउँदा यो यो परिवर्तन भयो भन्ने लिएर आउनुस् । सुशासन र विकासमा कुनै कानुनले व्यवधान खडा गरेको छ भने सरकार छिटो बाटोबाट कानुनको संशोधन गर्न पनि तयार छ”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हाम्रो सम्पूर्ण प्रयास उत्पादन वृद्धिमा हुनुपर्छ ।

हाम्रो स्रोत साधन जति छन्, तिनीहरुको वैज्ञानिक ढङ्गले उपयोग गर्नुपर्छ ।

सूचना र प्रविधिको प्रयोग गरी विकासको गतिलाई तीव्रता दिनुपर्छ ।”

बैठकमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक मामिला सल्लाहकार डा युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल र सचिवहरु, मातहतका कार्यालयका प्रमुखहरुको उपस्थिति रहेको थियो ।रासस

# ‘प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम’ प्रारम्भ

काठमाण्डु । मुलुकमा सङ्घीयता लागु भएसँगै संविधानबाटै संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँटअनुसार तीन वटा प्रदेशमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको छ । सहरी विकास मन्त्रालयको संयोजकत्वमा आगामी पाँच वर्षमा मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा करिब रु १६ अर्ब ६४ करोडको लागतमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको हो ।

शहरी विकास मन्त्रालयअन्तर्गत विश्व बैंकको ऋण सहयोगमा उक्त ‘प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम’को विहिबार आयोजित समारोहमा शुभारम्भ तथा समझदारीपत्रमा हस्ताक्षर भएको छ । प्रादेशिक सडक सञ्जालको सुधार, सडक सञ्जालले नजोडिएका स्थानीय तहका केन्द्रमा आधारभूत सर्वयाम सडक पहुँच पुर्याउने साथै स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरण गर्ने कार्यक्रमको उद्देश्य रहेको मन्त्रालयले जनाएको छ ।

उक्त कार्यक्रमअन्तर्गत २०० किमी सडक सर्वायाम सञ्चालन हुने गरी प्रादेशिक सडक स्तरोन्नति गर्ने, ३०० किमी प्रादेशिक सडकको आवधिक मर्मत गर्ने, २५०० किमी सडकको नियमित मर्मत सम्भार गर्ने, १०० किमी नयाँ सडक निर्माण गरी स्थानीय तह तथा वडा केन्द्रसम्म सर्वयाम सडकको पहुँच पुर्याउने कार्यक्रमको लक्ष्य रहेको छ । यसैगरी संघ, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने, सडक पूर्वाधार निर्माण गर्ने निकायहरुको सडक सुरक्षा व्यवस्थापन सम्बन्धी क्षमता वृद्धि गर्ने कार्यक्रमको लक्ष्य छ ।



समारोहमा उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले यस कार्यक्रमले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि तीनै तहका सरकारबीच विकास निर्माणमा समन्वयात्मक भूमिका निर्वाह हुने बताउनुभयो । साथै उहाँले सडक सञ्जाल विकासका लागि मेरुदण्ड भएको बताउँदै तीन तहका सरकारको समन्वय रहेकाले यो परियोजना समयमै सम्पन्न हुने अपेक्षा गर्नुभयो । यसरी प्रादेशिक र स्थानीय सडक निर्माण तथा मर्मत गर्दा दिगो बनाउनका लागि वातावरणमैन्त्री, जलवायुमैत्री र श्रमिक मैत्री हुनुपर्ने उहाँको जोड थियो ।

समारोहमा मन्त्रालयका सचिव मणिराम गेलालले कार्यक्रम कार्यान्वयनमा प्रदेश र स्थानीय सरकारको बढी भूमिका रहेको र संघले नीतिगत र बजेटको व्यवस्थाका लागि सहजीकरण गर्ने बताउनुभयो । साथै उहाँले सबै स्थानीय तहका केन्द्रसम्म पुग्ने सडकहरुलाई कालोपत्रे गर्नुका साथै अन्य प्रादेशिक तथा स्थानीय सडकहरुको निर्माण, स्तरोन्नतिका साथै मर्मत सुधार कार्यका लागि ठूलो लगानीको आवश्यकता पर्ने हुँदा विकास साझेदारहरुको सहयोग समेतको आवश्यकता देखिएको उल्लेख गर्नुभयो ।

विश्व बैंकका ‘सिनियर अपेरेसन अफिसर’ विज्ञान प्रधानले यस कार्यक्रमको सफलताले स्थानीय सेवाग्राहीलाई ठूलो सहयोग पुग्ने बताउनुभयो । समारोहमा तीनै तहका भौतिक मन्त्रीहरुले एवं स्थानीय जनप्रतिनिधिहरुले उक्त कार्यक्रमलाई सफल बनाउन आफ्नो तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रमका संयोजक माधवप्रसाद भट्टराईले कार्यक्रमको आवश्यकता र औचित्यतामाथि प्रकाश पार्दै कार्यक्रम संचालनका लागि तीन तहका सरकार, सहरी विकास मन्त्रालय, प्रादेशिक भौतिक मन्त्रालय र स्थानीय तहको संस्थागत व्यवस्था समेत गरिएको जानकारी दिनुभयो । साथै उहाँले प्रदेश र स्थानीय तहले सिधै विकास साझेदारसँग सम्झौता गर्न सकिने व्यवस्था नहुँदा केन्द्र सरकारले विकास साझेदारसँग सम्झौता गरी सो रकम प्रदेश र स्थानीय तहमार्फत खर्च गरिने उल्लेख गर्नुभयो ।

संविधानको अनुसूचीमा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापनको जिम्मेवारी सङ्घ सरकारको हुने तथा प्रदेश लोकमार्गको जिम्मेवारी प्रदेश सरकारको र स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकको जिम्मेवारी स्थानीय तहको हुने भनी उल्लेख छ ।

साथै पन्ध्रौं योजनाको दीर्घकालीन सोच अनुसार विसं २१०० सम्ममा ९९ प्रतिशत घर परिवारलाई ३० मिनेटको दुरीमा सर्वयाम सञ्चालित यातायात पहुँच पुर्याउने लक्ष्य रहेको छ । साथै सोही योजनाको अपेक्षित उपलब्धिमा स्थानीय तहका केन्द्र र सबै वडा कार्यालय सडक सञ्जालबाट जोडिएका हुने भनी उल्लेख छ ।

सन् २०१९ मा गरिएको अध्ययनमा २१ स्थानीय तहका केन्द्रहरु सडक संजालमा नै नजोडिएका तथा सडक संजालले छोएका २०० स्थानीय तहका केन्द्रहरु जोड्ने सडकहरु धुले अवस्थामा भई सुख्खा मौसमी मात्र रहेको देखिएको थियो । ती सडकहरुलाई पक्की सडकमा स्तरोन्नति गरी सर्वयाम सञ्चालन योग्य बनाउनु पर्ने अध्ययनको सुझाव छ ।

कार्यक्रमको अवधि आर्थिक वर्ष २०८०/८१ देखि २०८४/८५ सम्म रहेको छ । कार्यक्रमको लागत अनुमान १२८ मिलियन अमेरिकी डलर (करिब १६ अर्ब ६४ करोड रुपैया) रहेको छ । त्यसमध्ये १०० मिलियन अमेरिकी डलर विश्व बैंकको ऋण र २८ मिलियन अमेरिकी डलर नेपाल सरकारको रहने समझदारीपत्रमा उल्लेख छ ।रासस

# निर्धक्क भएर लगानी गर्न मुख्यमन्त्री आचार्यको आग्रह

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्योगी व्यवसायीलाई निर्धक्क भएर लगानी गर्न आग्रह गर्नुभएको छ । उहाँले लुम्बिनी प्रदेशमा उद्योग, व्यापार व्यवसायको वातावरण सरकारले बनाउने प्रतिबद्धता जनाउँदै ढुक्क भएर लगानी गर्न आग्रह गर्नुभयो ।

रुपन्देहीको तिलोत्तमामा विहिबारदेखि सुरु भएको दोस्रो व्यापार महोत्सवको उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री आचार्यले पछिल्लो समय आर्थिक अवस्था सुधार हुँदा उद्योग, व्यवसायका क्षेत्रमा सकारात्मक प्रभावहरु देखिन थालेको बताउनुभयो । उहाँले तीन तहका सरकारले लगानीमैत्री वातावरण बनाउने नीति अवलम्बन गरेकाले ढुक्क भएर लगानी गर्न उद्योगी, व्यवसायीमा आमन्त्रण गर्नुभएको हो ।

लुम्बिनी प्रदेशको विकास र समृद्धिको निम्ति प्रदेशमा उद्योग, व्यवसायको विकास हुन जरुरी रहेको पनि उहाँले उल्लेख गर्नुभयो । “राज्यले लगानीको वातावरण बनाउँछ । तपाईंहरु निर्धक्क भएर लगानी गर्नुस”, उहाँले भन्नुभयो, “सरकारले व्यवसायीहरुको संरक्षण र सम्वर्द्धन गर्छ । उद्योग, पर्यटन, कृषि, पूर्वाधार विकास हाम्रा प्राथमिकता हुन् ।”

मुख्यमन्त्री आचार्यले आफूले थालेका कामप्रति दृढ विश्वास नहुँदा समाजमा केही विचलन देखिएको उल्लेख गर्नुभयो । तिलोत्तमा लुम्बिनीको मात्रै नभई देशकै उदाउँदो र नमुना सहरका रुपमा परिचित हुनु गौरवको विषय भएको उहाँको भनाइ छ । महोत्सवमा विभिन्न क्षेत्रका तीन सय प्रदर्शनी कक्ष रहेका छन् ।रासस

# अध्यक्ष दाहालद्वारा गणतन्त्रको पक्षमा एक हुन अनुरोध

गोरखा । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितका उपलब्धिको रक्षाका लागि गणतन्त्र पक्षधर सबै एक ठाउँमा उभिनुपर्ने धारणा व्यक्त गर्नुभएको छ ।

माओवादी केन्द्र गोरखाले विहिबार जिल्ला पार्टी कार्यालय पाटेचौरमा आयोजना गरेको ‘पार्टीका अगुवा नेता तथा कार्यकर्ता प्रशिक्षण कार्यक्रम’मा अध्यक्ष दाहालले जनताको बलिदानीबाट प्राप्त गणतन्त्रको संरक्षण र सम्बर्द्धनमा जुट्न सबैसँग अनुरोध गर्नुभयो ।



पछिल्लो समय गणतन्त्रलाई कमजोर पार्ने षड्यन्त्र भइरहेकाले त्यसतर्फ सचेत रहन समग्र पार्टी पङ्तिको ध्यानाकर्षण गर्दै उहाँले भन्नुभयो, “सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक प्रतिनिधित्वसहितको समावेशी शासन व्यवस्थालाई कमजोर पार्ने/उल्ट्याउने कोशिस भइरहेको छ, त्यसतर्फ सचेत र सजग हुन सबैसँग अनुरोध गर्दछु ।’’


पहिलो संविधानसभाको निर्वाचनमार्फत जनताले दिएको विश्वास र भरोसाको रक्षा गर्न माओवादीले नसकेको स्वीकार गर्दै अध्यक्ष दाहालले राजनीतिक इतिहासको सुक्ष्म ढङ्गबाट समीक्षा गरी आमजनताको विश्वास जित्नेगरी काम गर्न पार्टी पङ्तिको ध्यानाकर्षण गर्नुभयो ।

सरकारबाट बाहिरिएपछि माओवादीको पक्षमा जनलहर देखिएको उल्लेख गर्दै उहाँले मुलुकका सम्पूर्ण शोषित पीडित वर्ग समुदायसहित माओवादी विचारमा विश्वास गर्ने सबैलाई एकताबद्ध गरी पार्टीलाई २०६४ सालकै अवस्थामा पुर्‍याउने अठोटका साथ अघि बढेको पार्टी नेतृत्वलाई सफल बनाउन सबै नेता तथा कार्यकर्ता अझ सक्रिय हुनुपर्ने समय आएको बताउनुभयो । रासस

# मेडिकल कलेज तथा सरकारी अस्पताललाई शुल्क विवरण सार्वजनिक गर्न परिपत्र

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो सेवा शुल्क सार्वजनिक गर्न निजी मेडिकल कलेज तथा सरकारी अस्पताललाई परिपत्र गरेको छ ।

तोकिएभन्दा बढी शुल्क लिएको गुनासो सुनिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सबैलाई जानकारी पाउने गरी शुल्क विवरण राख्ने व्यवस्था मिलाउन भन्नुभएको थियो । मन्त्री पौडेलले चासो लिए पछि मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले शुल्क विवरण सार्वजनिक गर्न परिपत्र गरेको हो ।




मन्त्रालयले पठाएको पत्रमा आफ्ना स्वास्थ्य सेवामा लाग्ने शुल्कको विवरण वेबसाइटमा राख्न तथा सेवाग्राहीले सहज रुपमा जानकारी पाउने व्यवस्था गर्न भनेको हो ।मन्त्रालयले पठाएको पत्रमा शल्यक्रिया शुल्क खुलाउनु पर्ने, सबै खालका शय्याको विवरण, रेडियोलोजी सेवा तथा ल्यावको शुल्क विवरणसमेत खुलाउन भनिएको छ । त्यसैगरी टिकटसहितका अरु सेवाको विवरणसमेतखुलाएरसेवाग्राहीलाई जानकारी गराउन मन्त्रालयले पत्राचार गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले मन्त्रालयले परिपत्रपछि विवरण सार्वजनिक भए नभएको अनुगमन गर्ने तयारी गरेको बताउनुभयो । “पहिलो चरणमा अनुगमन गरिनेछ । बढी लिएको वा शुल्क सार्वजनिक नगरेको पाइए नियमानुसार कारबाही हुनेछ”, उहाँले भन्नुभयो ।रासस

# जलवायु वित्तको आकार नबढे एनडिसीका महत्वकाङ्क्षी लक्ष्य अधुरै रहने

बाकु । विकसित मुलुकले जलवायु वित्तको आधार नबढाए अतिकम विकसित मुलुकहरूले राखेका राष्ट्रिय निर्धारित योगदान (एनडिसी) का लक्ष्य अधुरै रहने जनाउँदै चिन्ता व्यक्त गरिएको छ ।

राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी प्रारूप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औँ सम्मेलन (कोप-२९) अन्तर्गत बाकु अजरबैजानमा जारी सम्मेलनमा विकसित मुलुकले जलवायु वित्त बढाउनुपर्ने विषयमा छलफल भइरहेको हो ।

एनडिसीले निर्धारण गरेका लक्ष्य कार्यान्वयनका लागि आवश्यक पर्ने वित्त व्यवस्थापनमा नेपाल जस्ता मुलुकको क्षमता नहुने र कोपमा पनि जलवायु वित्तको आकार बढाउनुपर्ने एजेन्डामा सहमति हुन नसके एनडिसीका लक्ष्य पनि अधुरै रहने भन्दै अतिकम विकसित मुलुकका प्रतिनिधिले चिन्ता गरेका हुन् ।

नेपालमा सन् २०३० सम्म एनडिसी कार्यान्वयन गर्न ३३ दशमलव चार विलियन अमेरिकी डलर बराबर रकम लाग्ने अनुमान गरिएको छ । कार्यान्वयन योजनामा प्रस्तुत लागत नेपालको दोस्रो एनडिसी सन् २०२० मा प्रस्तुत गरिएको थियो । एनडिसी कार्यान्वयनका लागि नेपालले अनुदानमा आधारित अन्तर्राष्ट्रिय सार्वजनिक वित्तलाई प्राथमिकता दिएको छ । साथै वैदेशिक सहयोग, आन्तरिक स्रोत तथा विभिन्न निजी वित्तका स्रोतबाट रकम जुटाइने लक्ष्य राखिएको छ । नेपाल सरकारले सन् २०२० को डिसेम्बरमा युएनएफसिसिसीलाई आफ्नो दोस्रो राष्ट्रिय निर्धारित योगदान पेस गरेको थियो ।

कोप-२९ शुक्रबारसम्म जारी रहनेछ । वित्तको आकार बढाउने विषयमा सहमति जुट्न सकेन भने फेरि केही दिन कोप लम्बिने जनाइएको छ ।

विगतका कोप पनि सहमति नजुटेर लम्बिएको थियो । पूर्वनिर्धारित तालिका अनुसार विहिबार र शुक्रबार दुई दिनमा विकसित मुलुकलाई जलवायु वित्त बढाउनुपर्ने एजेन्डामा सहमतिमा ल्याउन सकिएन भने जलवायु वित्तको आकार खुम्चिरहेने भन्दै उपस्थित प्रतिनिधिमा चिन्ता छाएको हो ।

जलवायु वित्त बढाउनुपर्ने मुद्दामा सहमति हुन नसकेमा जलवायु परिवर्तनसम्बन्धी योजना कार्यान्वयनमा समस्या उत्पन्न हुने भन्दै नेपालले पनि जलवायु वित्तको आकार बढाउनुपर्ने र उक्त वित्तमा नेपालको सरल पहुँच सुनिश्चित हुनुपर्ने मुद्दालाई मुख्य एजेन्डा बनाई स्थितिपत्र तयार गरेर कोपमा सहभागिता जनाएको छ ।



नेपालको नेतृत्व गर्दै कोपलाई सम्बोधन गर्न बाकु आउनुभएका राष्ट्रपति रामचन्द्र पौडेल स्वदेश फर्किसक्नुभएको छ । कोपमा उहाँले जलवायुको वित्त बढाउनुपर्ने, कार्बन उत्सर्जन न्यूनीकरण गरेर हिमाल र पृथ्वीको सुरक्षा गर्नुपर्नेलगायत मुद्दामा आफ्नो धारणा राख्नुभएको थियो ।वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले कोपमा विभिन्न दातृ राष्ट्र तथा निकायसँग नेपालको हितमा द्धिपक्षीय वार्तासमेत गर्नुभएको छ । वार्तामा उहाँले जलवायु वित्त अनुदान बढाउनुपर्ने विषयमा जोड दिएर स्वदेश फर्कसक्नुभएको छ ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा दीपककुमार खरालको नेतृत्वमा अहिले नेपाली प्रतिनिधि कोपमा सहभागिता जनाइरहेको छ । प्रतिनिधिले कोपमा जलवायु वित्त दायित्व बढाउन नसकेको खण्डमा नेपालले राखेका एनडिसिका योजनासमेत कार्यान्वयन हुन नसक्ने भन्दै पैरवीका लागि जोड गरिरहेका छन् । सचिव खरालले चालु कोप सम्मेलनमा पनि विकसित मुलुकले जलवायु वित्तको आकार बढाएर नैतिक दायित्व पूरा गर्न सकेनन् भने एनडिसी कार्यान्वयनमा चुनौती देखिने बताउनुभयो ।

“नेपालका लागि आवश्यक पर्ने जलवायु लागत अभाव भएमा हामीले राखेका एनडिसीका महत्वकाङ्क्षी लक्ष्यको कार्यान्वयनमा चुनौती देखिने छ”, उहाँले भन्नुभयो, “नेपालले पनि अतिकम विकसित मुलुकको समूह (एलडिसी) सँग मिलेर जलवायु वित्तको दायित्व बढाउनुपर्नेमा धनी मुलुकलाई दबाब दिइरहेको छ ।”

विगतका कोपमा झैं यस पटकको सम्मेलनमा पनि धनी तथा विकसित मुलुकहरूले जलवायु वित्तको दायित्व बढाउनुपर्ने एलडिसीमा रहेका मुलुकहरूको माग रहेको छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाले बाकुमा जारी कोपमा धनी मुलुकहरूलाई जलवायु वित्तको दायित्व बढाउन पैरवी भइरहेको भन्दै यदि धनी मुलुकहरूले वित्तीय दायित्व बढाउन आनाकानी गरेमा नेपालले राखेका एनडिसीका लक्ष्य कार्यान्वयनमा चुनौती आउनसक्ने बताउनुभयो ।

“नेपालले राखेका जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका स्पष्ट खाकासहितको राष्ट्रिय निर्धारित योगदान (एनडिसी)का लक्ष्य पूरा गर्न हामीलाई आर्थिक स्रोत आवश्यक पर्छ”, उहाँले भन्नुभयो, “यी लक्ष्य कार्यान्वयन गर्न आवश्यक पर्ने लागत व्यवस्थापन गर्ने नेपालको आन्तरिक वित्तले पुग्दैन । बाह्य वित्त सहयोग आवश्यक भएकाले जलवायुका विभिन्न कोष छन्, ती कोषमा अनुदान बढाउनपर्छ भनेर दबाब दिइरहेका छौँ ।”

जलवायु व्यवस्थापन महाशाखा प्रमुख ढुङ्गानाले कोप सम्मेलन जारी रहेकाले विकसित मुलुकहरू जलवायु वित्त बढाउनुपर्ने एजेन्डामा सहमति हुनसक्ने विश्वास व्यक्त गर्नुभयो । “सम्मेलन सकिएको छैन, अहिल्यै विकसित मुलुकहरू जलवायु वित्तको दायित्व बढाउनुपर्ने नैतिक दायित्वबाट पछि हट्लान भनेर चिन्ता लिनुपर्दैन ।रासस

# राष्ट्रपतिद्वारा भारतीय सेनाध्यक्षलाई ‘मानार्थ महारथीको दर्ज्यानी चिन्ह’ प्रदान

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीलाई मानार्थ महारथीको दर्ज्यानी चिन्ह तथा खड्ग प्रदान गर्नुभएको छ । नेपाली सेनाका परमाधिपति समेत रहनुभएका राष्ट्रपति पौडेलले विहिबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहबीच उहाँलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको हो । प्रधान सेनापति अशोकराज सिग्देलको निमन्त्रणामा सेनाध्यक्ष द्विवेदी बुधबार नेपाल आउनुभएको हो ।

सो समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, रक्षामन्त्री मानवीर राईलगायत विशिष्ट महानुभावको उपस्थिति थियो । नेपाल-भारतबीचको सैनिक सम्बन्धको निरन्तरता स्वरुप सन् १९५० देखि दुवै देशले एक अर्काका प्रधान सेनापतिलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने परम्परा रहिआएको छ ।

यसअघि भारतका तत्कालीन राष्ट्रपति रामनाथ कोविंदले नेपालका तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मालाई २०७८ कात्तिक २४ गते भारतीय स्थलसेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्नुभएको थियो ।तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७९ भदौ २० गते भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डेलाई नेपाली सेनाको मानार्थ महारथी पद प्रदान गर्नुभएको थियो ।रासस

# 'एक पालिका, एक खेल मैदान' योजनामै सीमित

गलकोट । बागलुङमा विभिन्न खेलका पूर्वाधार निर्माणले गति लिन सकेको छैन । खेल पूर्वाधारको योजना बनाएको एक दशक बित्दा समेत लगानी गर्न सकिएको छैन । स्थानीय तहले 'एक पालिका, एक खेल मैदान'को अवधारणा ल्याए पनि कार्यान्वयन भएको छैन । खेलाडी पूर्वाधारबिना खेल खेल्न बाध्य छन् ।

बागलुङ नगरपालिका-१ स्थित बाङ्गेचौर खेल मैदानको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनेको एक दशक बित्न लागेको छ । तर यहाँ तारबार मात्र हालेको छ । नगरपालिका र सङ्घीय संरकारले बिनियोजन गरेको रु आठ करोड बजेट फिर्ता गएको छ । यस्तै बागलुङ नगरपालिका-९ सल्लाका बोट हटाउन नसक्दा बजेट फ्रिज भएको छ ।

"खेल क्षेत्रमा राज्यले लगानी बढाउन सकेको छैन, खेलकूद गतिविधि ठप्प जस्तै छन्", उहाँले भन्नुभयो, "बाङ्गेचौर खेलमैदान बनाउन रु ३० करोड लाग्ने गरी डिपिआर बनाइएको थियो, अहिले लागत बढेर रु ५० करोड पुगेको छ ।"

बागलुङ-९ तित्याङमा बजेट अभावले मैदान बनाउन नसकेको वडाध्यक्ष राजु थापाले बताउनुभयो । बागलुङ बजारबाट नजिकै रहेको तित्याङस्थित आलेखर्क खेल मैदानलाई विस्तार गरी बाङ्गेचौर खेल मैदानको विकल्पका रुपमा अगाडी बढाइएको हो । झण्डै २० रोपनी जग्गामा फैलिएको आलेखर्क खेल मैदानलाई



स्थित तित्याङको आलेखर्क खेल मैदान पनि डिपिआरमै सिमिति भएको छ । बागलुङका अन्य स्थानीय तहले अघि सारेका खेल पूर्वाधार पनि बन्न सकेका छैनन् । तमान रङ्गशाला र काठेखोला गाउँपालिकाको रेशको खेल मैदान निर्माणले पनि गति लिन सकेको छैन ।

रङ्गशालाको डिपिआर स्थानीय तहको सहयोगमा तयार भए पनि खेल मैदान बन्न नसकेको बागलुङ-९ तित्याङका वडाध्यक्ष राजु थापाले बताउनुभयो । बागलुङमा वर्षौंदेखि बजेट अभावमा खेल मैदान बन्न नसकेका खेलकुद विकास समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो । बाङ्गेचौर खेल मैदानमा रहेका बहुउदेश्यीय रङ्गशाला निर्माण गर्न सकिने भएपनि बजेट अभावले रोकिएको छ । यसमा झण्डै रु ६ करोड खर्च लाग्ने देखिन्छ ।


तमानखोला गाउँपालिकाले तमानगाउँमा निर्माण गर्ने रङ्गाशाला समेत अधुरै छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट बिनियोजन गरेको छ । त्यो पर्याप्त नहुँदा सङ्घीय र प्रदेश सरकारको मुख ताक्नुपरेको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले बताउनुभयो । "पालिकाको बजेटले रङ्गशाला बनाउन असम्भव छ", उहाँले भन्नुभयो- "यसका लागि कम्तिमा रु १० करोड बजेट चाहिन्छ ।"रासस

# रुस युक्रेन युद्धः शान्ति सम्झौताका सम्भावना केकस्ता छन्?

बीबीसी

काठमाण्डु ।अमेरिकाको राष्ट्रपतिमा निर्वाचित डोनल्ड ट्रम्पले एक दिनमै" रुस-युक्रेन युद्ध अन्त्य गरिदिने वाचा गरेका थिए।युक्रेनले 'अट्याकम्स' क्षेप्यास्त्र र जमिनमुनि गाडेर राखिने विस्फोटक अस्त्र "ल्याण्डमाइन" प्रयोग गर्न अनुमति पाएसँगै युद्धमोर्चाको स्थिति भिन्न भएका बेला शीघ्र शान्ति सम्झौता हुने सम्भावना के कस्ता छन्?

चुनावी अभियानका क्रममा ट्रम्पले उनले कसरी युद्धको अन्त्य गर्नेछन् भन्नेबारे विस्तृतमा बताएका थिएनन्। धेरैजना विश्लेषकहरू द्वन्द्व टुङ्ग्याउने उपायहरूको विकास गर्नेतर्फ काम भइरहेको विश्वास गर्छन्।ट्रम्पले आफ्नो कार्यकालको सुरुमै युक्रेन र रुसलाई वार्ताको टेबलमा ल्याउने प्रयत्न गर्नेछन् भन्ने किएभको पूर्वानुमान छ। राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले समेत घुमाउरो तरिकाले 'कूटनीतिक माध्यमहरू'मार्फत् अर्को वर्ष युद्ध टुङ्ग्याउनेबारे बोलेका छन्।



**अग्रमोर्चाको अवस्था : रूसी सेना अघि बढ्दै**

सबै मोर्चामा अग्रता कायम गरिराखेका कारण रणभूमिको परिणाम रुसको पक्षमा गइरहेको देखिएको छ।पूर्वी डोन्बास क्षेत्रमा प्रगति गरिराखेका रुसी सैन्यहरू उत्तरपूर्वमा खारकिभको कुप्यान्स्क नगरतर्फ अघि बढिराखेका छन्। उक्त स्थान दक्षिणपूर्वको ठूलो क्षेत्रीय केन्द्र हो।यो वर्षको अक्टोबरमा रुस युक्रेनको अतिरिक्त पाँच सय वर्ग किमि हात पार्न सफल भयो। यो उसको सन् २०२२ को मार्चयताको महत्त्वपूर्ण सफलता थियो।

राष्ट्रपति जेलेन्स्कीका अनुसार अन्तर्राष्ट्रिय मान्यताप्राप्त सिमानाभित्रको युक्रेनको भूमिमध्ये २७ प्रतिशत हाल रुसको नियन्त्रणमा छ। त्यसमा क्राइमिया तथा सन् २०१४ मा रुसद्वारा कब्जा गरिएका देशका पूर्वी भूभागसमेत पर्छन्।युक्रेनका सुमी, खारकिभ, ओडेसा तथा किएभमा दैनिक रूपमा घातक बम तथा विस्फोटक बोकेका ड्रोनहरूमार्फत् हमला भइराखेका छन्।

रुसले उत्तर कोरियाली सेना खटाएर कुर्स्क क्षेत्रमा ठूलो स्तरको प्रतिरक्षात्मक कारबाहीको तयारी गरिराखेको विवरणहरू आएका छन्। आकस्मिक अन्तरसीमा आक्रमणमार्फत् युक्रेनले गत अगस्टदेखि उक्त हिस्सामा नियन्त्रण जमाएको छ र सम्भावित शान्तिवार्ताका निम्ति लेनदेनको उपायका रूपमा त्यसको व्यवस्थापन गरिराखेको छ। रुस पनि शक्तिकै बलमा लेनदेन गर्ने कोसिसमा छ। बीबीसीले कुरा गरेका युक्रेनी विश्लेषक तथा सैन्य प्रतिनिधिहरू सन् २०२५ को ज्यानुअरीमा ट्रम्प सत्तामा आएसँगै युद्धविराम वार्ता सुरु हुनु सक्ने भएकाले त्यसका निम्ति काम लाग्ने ठानेर क्रेम्लिन सक्दो युक्रेनी भूमि हडप्ने हतारोमा रहेको बताउँछन्।

पुटिन डोनेत्स्क र लुहान्स्क क्षेत्रको सीमासम्मै वा अझै अघि बढेर जापोरिज्झियाजस्तै अर्को क्षेत्रीय राजधानी कब्जा गर्न चाहन्छन् भन्ने व्यापक बुझाइ छ।

**'अट्याकम्स' र 'ल्यान्डमाइन'ले स्थितिमा फेरबदल ल्याउन सक्छन्?**

युक्रेनलाई आफूद्वारा आपूर्ति गरिएका 'अट्याकम्स' क्षेप्यास्त्र रुसविरुद्ध प्रयोग गर्न दिने बाइडन नेतृत्वको बिदा हुँदै गरेको अमेरिकी प्रशासनको निर्णयसँगै युद्धको स्थितिमा नयाँ मोड आएको छ।

यसअघि पनि क्राइमिया र पूर्वी युक्रेनमा हमला गर्नका निम्ति युक्रेनलाई 'अट्याकम्स' क्षेप्यास्त्र दिइएको थियो। युक्रेनी भूमिका रूपमा मान्यताप्राप्त ती क्षेत्र हाल रुसको कब्जामा छन्।यसै साताको सुरुमा राष्ट्रपति बाइडनले अमेरिकी क्षेप्यास्त्र रुसका भित्री भूभागमा प्रयोग गर्न किएभलाई अनुमति दिएका थिए, जसलाई मस्कोले तनाव बढाउने र "आगोमा घिउ थप्ने कार्य" भनेको छ।

अधिकतम ३०० किमिसम्म प्रहार गर्न सक्ने 'अट्याकम्स' क्षेप्यास्त्रले युक्रेनलाई केही राहत दिए पनि त्यसले स्थितिलाई उसको पक्षमा नलैजाने विश्लेषकहरू विश्वास गर्छन्। उनीहरूका अनुसार युक्रेनलाई ती अस्त्र प्रयोग गर्न दिइने सम्भाव्यताको निम्ति तयारी गरिरहेको रुसले आफ्ना केही बन्दोबस्ती केन्द्रहरूलाई सीमा भन्दा केही पर सार्न समय पाएजस्तो देखिन्छ।युक्रेनले रुसको १०० किमिभित्र अवस्थित सेनाको एउटा भण्डारण केन्द्रमा पहिलोपटक उक्त 'अट्याकम्स' क्षेप्यास्त्र प्रयोग गरेको बताइएको छ।

त्यस्तै अमेरिकाले युक्रेनलाई युक्रेनी भूमिमा मात्रै प्रयोग गर्ने र सघन बस्तीमा प्रयोग नगर्ने सर्तमा जमिनमुनि गाडेर राखिने विस्फोटक अस्त्र 'ल्यान्डमाइन' समेत उपलब्ध गराउने घोषणा गरेको छ।रुसले जारी युद्धका क्रममा स्वयंद्वारा निर्मित 'माइन' को प्रयोग गर्दै आएको छ। रुसी 'माइन'हरू युक्रेनले प्राप्त गरेका अमेरिकी 'माइन'भन्दा भिन्न छन्। अमेरिकी 'माइन'हरू केही हप्तासम्म मात्रै सक्रिय रहने गरी बनाइएको छ भने रुसी 'माइन'हरू निस्क्रिय नपारेसम्म जोखिमयुक्त हुन्छन्। गएको साढे दुई वर्षमा करिब ३०० युक्रेनी नागरिकहरू 'माइन' दुर्घटनामा परी मारिएका छन्।

रेड क्रससहितका कैयौँ अन्तर्राष्ट्रिय मानवतावादी सङ्गठनहरूले यस्ता अस्त्रका विरोधमा अभियान चलाइराखेका छन्। यी अस्त्र "दीर्घकालसम्म मृत्यु, चोट र पीडा"को कारक बन्ने उनीहरूको तर्क छ।युक्रेनलाई 'एन्टि-ट्याङ्क माइन'हरू उपलब्ध गराउँदै आएको अमेरिका हालसम्म 'एन्टि-पर्सनल माइन'हरू उपलब्ध गराउन अनिच्छुक रहँदै आएको थियो।'अट्याकम्स'ले जस्तै यी हतियारहरूले युक्रेनी सेनालाई आक्रामक हुनुको साटो रक्षात्मक हुन सघाउने सम्भावना छ।

**जनमतमा आएको परिवर्तन**

युक्रेनले युद्धको अग्रमोर्चामा कठिनाइ भोगिरहँदा युक्रेनी समाजको जनमतमा पनि उल्लेख्य परिवर्तन देखिएको छ।

निरन्तरको बम प्रहारका घटना, विद्युत् नहुने स्थिति तथा सन् २०२२ को फेब्रुअरीदेखिका अनिदा रातहरूका कारण समग्रमा युक्रेनमा मानिसहरू लडाइँबाट थाकिसकेका छन्। जाडो याम नजिकिरहँदा उनीहरू त्रासमा बाँचिरहेका छन्। धेरैले यसपालीको जाडो सबैभन्दा कष्टकर हुने ठानेका छन्।सर्वेक्षणहरूले युक्रेनले आफ्नो भूभाग गुमाउनु परेछ वा दीर्घकालसम्म सीमाको अवस्था के हुने भन्ने अनिश्चित नै रहन्छ भने पनि मानिसहरूका मनमा रुससँग शान्तिवार्ता गर्नु पर्छ भन्ने भावना पलाउन थालेको छ।

रजुम्भोभ सेन्टर नामको थिङ्क ट्याङ्कले अक्टोबरमा गरेको एउटा जनमत सर्वेक्षणले हरेक तीनमध्ये एक युक्रेनी नागरिक वार्ताको पक्षमा छन् भन्ने देखाएको छ। यो सङ्ख्या एक वर्षअघि हरेक पाँचमा एकजना थियो।अक्टोबरकै अर्को एउटा सर्वेक्षणले बहुसङ्ख्यकले अझै युक्रेनले रुसलाई परास्त गर्ने विश्वास गरे पनि युक्रेनीहरू आफ्नो देशले अन्ततः जित हासिल गर्नेछ भन्नेबारे पहिलेझैँ ढुक्क नभएको देखाएको छ।

**'ट्रम्पको योजना'को प्रतीक्षा**

डोनल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएसँगै धेरै पर्यवेक्षकहरू उनको रुस र युक्रेनसम्बन्धी शान्ति योजनाको विस्तृत विवरण सुन्ने प्रतीक्षामा छन्।


चुनावपछि उनका वक्तव्यहरू त्यति प्रष्ट छैनन्, जस्तैः "रुस र युक्रेनबारे हामी कडा काम गर्नेछौँ। यो रोकिनुपर्छ। रुस र युक्रेन रोकिनुपर्छ।"त्यसपछि अमेरिकी सञ्चारमाध्यमहरूले 'ट्रम्पले पुटिनलाई टेलिफोन गरेको र रुसी राष्ट्रपतिलाई युद्ध नचर्काउन चेतावनी दिएको' भन्ने जस्ता विवरणहरू दिएका थिए तर क्रेम्लिनले त्यसको खण्डन गरेको छ।

युक्रेनी विज्ञहरू ट्रम्पको समूहले पहिलेदेखि नै काम गरिराखे पनि उनको योजना पूर्ण रूपमा विकसित नभइसकेको विश्वास गर्छन्। अल्योना हेट्मानचुक "न्यू युरोप" नामको वैदेशिक नीतिसम्बन्धी युक्रेनी थिङ्क ट्याङ्ककी निर्देशक हुन्। उनका विचारमा अस्तित्वमा आएका यी अवधारणाहरूले यो वा त्यो तरिकाले द्वन्द्वलाई साम्य पार्ने सम्भावना छ।"यसले युद्धको अग्रमोर्चालाई साम्य पार्न सक्छ। नेटोको सदस्यताको प्रश्नलाई स्थगित गराउन सक्छ। कमसेकम आर्थिक सहयोगलाई स्थगित गर्न सक्छ। सबै सबै कुरालाई साम्य पार्न सक्छ," हेट्मानचुक व्याख्या गर्छिन्।

उनी यो तरिका बाइडन प्रशासनको भन्दा धेरै भिन्न नभएको ठान्छिन्। एउटा भिन्नता भनेको डेमोक्र्याट्सहरू अमेरिकाले नभइ युक्रेनले वार्ताको पहल गर्नुपर्ने ठान्थे र त्यसबाहेक उनीहरूले युक्रेनलाई दीर्घकालीन आर्थिक सहायता उपलब्ध गराउने प्रतिबद्धता पनि जनाएका थिए।डेमोक्र्याट्सभन्दा विपरीत, ट्रम्पले वार्ताको नेतृत्व गर्न युक्रेनका निम्ति विशेष दूत नियुक्त गर्न चाहेको मनसाय व्यक्त गरेका छन्। किएभले त्यसलाई दृढ सकारात्मक सङ्केत ठानेको छ। पहिलो कार्यकालमा ट्रम्पसँग अनुभवी कूटनीतिज्ञ कर्ट भोल्करजस्ता प्रतिनिधि थिए।

"हामीलाई ट्रम्पको कानसम्म नियमित पहुँच भएको प्रभावशाली 'मिस्टर युक्रेन'को खाँचो छ," हेट्मानचुक भन्छिन्। युक्रेन र रुसले जारी युद्धसम्बन्धमा नयाँ अमेरिकी प्रशासनको पहिलो कदमको प्रतीक्षा गरिरहँदा कुनै पनि किसिमका सम्भावित शान्तिवार्ता जटिल र लामो हुन सक्ने भने सुनिश्चित छ ।द्वन्द्व समाधान गर्ने सन्दर्भमा दुवै देश र तिनका नेताहरू, राष्ट्रपतिद्वय जेलेन्स्की र पुटिनका धेरै कुरा दाउमा छन् र तिनीहरूको भविष्य उनीहरू भविष्यमा हुने कुनै पनि वार्ताबाट के कुरा हासिल गरेर बाहिर निस्कन सक्छन् भन्नेमा निर्भर गर्छ।

# प्यालेस्टाइनद्वारा गाजा युद्धविरामको माग गर्दै राष्ट्रसङ्घको प्रस्तावमा अमेरिकी भिटोको निन्दा



सिन्ह्वा

रामल्लाह ।प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले गाजामा इजरायली आक्रमणको अन्त्य र युद्धविरामको आह्वान गर्ने राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावमा बुधबार भिटो प्रयोग गरेकोमा अमेरिकाको निन्दा गर्नु भएकोको छ ।

राष्ट्रपति अब्बासले अमेरिकाले चौथो पटक भिटो प्रयोग गरी इजरायललाई प्यालेस्टिनी तथा लेबनानी जनता विरुद्धको "अपराध" र अन्तर्राष्ट्रिय कानूनको उल्ङघन गरेको उल्लेख गरेको प्यालेस्टिनी समाचार एजेन्सी डब्लुएएफए जनाएको छ ।

वक्तव्यमा यहाँले राष्ट्रसङ्घीय सुरक्षा परिषद र अन्तर्राष्ट्रिय समुदायमा प्यालेस्टाइनको माग स्पष्ट रहेको जनाउदै "आक्रमण" रोक्न, युद्धविराम लागू र इजरायलले प्यालेस्टिनी जनता विरुद्ध गरेको "अपराध" लाई सम्बोधन आवाह्न गर्नु भएको छ ।विज्ञप्तिमा मानवीय सङ्कट तथा भोकमरी अन्त्य गर्न तुरुन्तै कार्य गरेर प्यालेस्टिनी जनताको जिम्मेवारी लिन आग्रह गरिएको छ ।

प्यालेस्टिनी अख्तियारका विदेश मामिला तथा प्रवासी राज्यमन्त्री फार्सिन शाहिनले अमेरिकी भिटोलाई "अन्यायपूर्ण, र अन्तर्राष्ट्रिय समुदायको इच्छा विपरित भन्नु भएको छ ।

यसै गरी हमासले एक विज्ञप्ति मार्फत भिटो प्रयोग गरेर अमेरिकाले आक्रमणको प्रत्यक्ष साझेदार बनेको प्रमाणित गरेको जनाएको छ । वक्तव्यमा अमेरिकालाई शत्रुतापूर्ण नीति" रोक्न आह्वान गर्दै युद्धको अन्त्य गरी यस क्षेत्रमा सुरक्षा र स्थिरता कायम गर्न आह्वान गरेको छ ।

अमेरिकाले बुधबार गाजामा तत्काल युद्धविरामको आह्वान गर्ने राष्ट्रसङ्घीय सुरक्षा परिषद्को मस्यौदा प्रस्तावमा भिटो प्रयोग गरे पछि सयुक्त राष्ट्रका अधिकांश सदस्यहरूले कडा आलोचना गरेका छन् ।

परिषद्का-१० लगायत गैर-स्थायी सदस्यहरूले मस्यौदामा तत्काल, स्थायी युद्धविरामका साथै बन्धकको रिहाइको माग गरेका छन् ।रासस

# पाकिस्तानमा पछिल्लो साम्प्रदायिक झडपमा कम्तीमा ३८ जनाको मृत्यु

एएफपी

पेशावर । पाकिस्तानको उत्तरपश्चिम क्षेत्रमा भएका दुई आक्रमणमा परी कम्तीमा ३२ जनाको मृत्यु भएको छ । मत्यु हुनेमा अधिकांश महिला तथा बालबालिका रहेको अधिकारीहरूले बिहीबार बताएका छन् ।

शिया समुदायका दुई अलग-अलग समूहलाई कुर्रम जिल्लामा आतङ्ककारीहरूले निशाना बनाएका प्रहरीले बताएको छ । "दुवै घटनामा गरी महिला र बालबालिकासहित कम्तीमा ३२ जनाको मृत्यु भएको छ भने अन्य १३ जना घाइते भएका छन्," स्थानीय प्रशासनका वरिष्ठ अधिकारी जावेदउल्लाह महसुदले एएफपीसँग बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रारम्भिक रिपोर्टअनुसार मृतक छ जना महिला, केही बालबालिका र प्रहरी अधिकारी रहेको पुष्टि भएको छ ।रासस


।। हार्दिक श्रद्धाञ्जली ।।



जन्मः
वि.सं. १९९६ माघ ११

स्वर्गबासः
वि.सं. २०८१ कार्तिक २५

स्वं किशोरी देवी

यस **श्री नेशनल हयुमन रिसोर्स डेभलपमेन्ट एकेडेमी, जनकपुरधाम (NHRDA)** का अध्यक्ष श्री प्रमोद कुमार अग्रवाल ज्यूको ममतामयी माता **किशोरी देवी अग्रवाल**को असामयिक स्वर्गारोहणले हामीलाई मर्माहत बनाएको छ। यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारप्रति ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्री नेशनल हयुमन रिसोर्स डेभलपमेन्ट एकेडेमी, जनकपुरधाम (NHRDA)**
**परिवार**



।। हार्दिक श्रद्धाञ्जली ।।



जन्मः
वि.सं. १९९६।१०।११


स्वर्गारोहणः
वि.सं. २०८१।०७।२५

स्व. किशोरी देवी अग्रवाल

हाम्रा आत्मिय मित्रहरु श्री दिलीप अग्रवाल तथा प्रमोद अग्रवालका ममतामयी आमा **किशोरी देवी अग्रवाल**को वि.स. २०८१ साल कार्तिक २५ गते आइतबारका दिन ८७ वर्षको उमेरमा भएको स्वर्गारोहणको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलीको साथमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**टाईम फर्मास्युटिकल्स लि.**
गैंडाकोट, नवलपुर

# तिहारमा फूलमाला बिक्रीबाट पाँच लाख बचत



घोराही । दाङको घोराही उपमहानगरपालिका- १३ डुम्मर गाउँका इन्द्रा बुढाको पेसा फूलखेती हो । उहाँले यो पेसा गर्न थालेको आठ वर्ष भयो । विगत लामो समयदेखि गर्दै आएको व्यवसायप्रति इन्द्रा खुसी हुनुहुन्छ । सुरुका दिनमा फूलको व्यावसायिक खेती गर्दा छिमेकीले फूल पनि बेच्ने भनेर गिज्याउने गरेको उहाँसँग अनुभव छ ।

“पछिल्लो समय स्थानीय उत्पादनलाई प्रयोग गर्नुपर्छ भन्नेको सङ्ख्या बढ्दै गएको छ”, उहाँले भन्नुभयो, “जसका कारण यसवर्ष फूलमाला बिक्री गर्न कुनै समस्या भएन ।” इन्द्राको बारीमा चाडपर्वको समयमा मात्रै नभइ अघिपछि पनि सयपत्रीको फूल फूलिरहेको हुन्छ । जिल्लामा हुने विभिन्न सभा, सम्मेलन, विद्यालयमा हुने कार्यक्रम लगायतमा पनि फूल लैजाने गरेको उहाँ बताउनुहुन्छ ।

उहाँ यस वर्षको तिहारमा मात्रै खर्च कटाएर रु पाँच लाख बचत गर्न सफल हुनुभएको छ । आठ हजार माला काठमाडौँ, स्याङजा, पोखरा, धनगढी, बुटवल पठाएको र धेरैजसो जिल्लामै बिक्री गर्ने गरेको इन्द्राले बताउनुभयो । फूलमाला टिप्दा, उन्दा आफ्ना आफन्तले सहयोग गर्ने भएकाले त्यति धेरै खर्च नहुने उहाँ बताउनुहुन्छ । उहाँले फूलखेतीबाट पनि यसरी पैसा कमाउन सकिएला भनेर आफूले सुरुवातका दिनमा नसोचेको बताउनुभयो ।

उहाँले १० कठ्ठा जग्गामा फूलको व्यावसायिक खेती गर्दै आउनुभएको छ । “विगत आठ वर्षदेखि यही खेती गरिरहेको छु, विशेषगरी तिहारलगायत चाडपर्वका बेलामा बढी माग हुन्छ”, उहाँले भन्नुभयो । यसपटक पनि राम्रो आम्दानी भयो, आगामी दिनमा अझै क्षेत्रफल बढाउने योजना उहाँको छ । लगानी पनि धेरै नलाग्ने र अन्य खेतीभन्दा धेरै मेहनत गर्न नपर्ने भएकाले फूलखेती राम्रो हुँदै गएको उहाँले बताउनुभयो । यस वर्षको तिहारमा रु १०० देखि २०० सम्म मालाको आकारअनुसार बिक्री गरेको इन्द्राले बताउनुभयो ।

“स्थानीय उत्पादनको प्रयोग गर्नेको सङ्ख्या बढ्दै गएकाले बिक्रीमा समस्या छैन”, उहाँले भन्नुभयो, “सयपत्रीको व्यावसायिक उत्पादन तथा बजारीकरणमा सहज भयो, बजार राम्रो पायौँ ।” बोटमा फूल फूल्ने क्रम जारी रहेको र मङ्सिरको महिनाभर उत्पादन लिन सकिने उहाँले बताउनुभयो ।

इन्द्रा व्यावसायिक रुपमा फूलखेती गर्ने किसानको सङ्ख्या बढ्दै गए पनि यसको माग पनि उत्तिकै बढेकाले बजारीकरणको समस्या नहुने बताउनुहुन्छ । आजभोलि विवाहलगायत अन्य कार्यक्रमका लागि पनि मागका आधारमा माला बनाउने गरेको उहाँ बताउनुहुन्छ ।


सरकारी स्तरबाट पनि फूलखेती गर्न चाहाने किसानलाई तालिमलगायत अन्य कृषि औजार, अनुदानका कार्यक्रम ल्याएमा अझ सहज हुने उहाँले बताउनुभयो । साथै प्लास्टिकजन्य मालालाई पनि पूर्ण रुपमा प्रतिबन्ध लगाउन आवश्यक रहेको उहाँ बताउनुहुन्छ । पहिलेको तूलनामा केही परिवर्तन भए पनि अझ पर्याप्त नभएको उहाँको भनाइ छ ।रासस

# कैलालीका किसान व्यावसायिक च्याउखेतीमा

अत्तरिया । कैलालीका किसान व्यावसायिक च्याउखेतीमा आकर्षित भएका छन् । अन्य खेतीको तुलनामा च्याउखेतीबाट मनग्ये आम्दानी हुने भएकाले उनीहरूको यसमा आकर्षण बढेको हो ।

धनगढी उपमहानगरपालिका-११, जोकैयाका मङ्गल चौधरीले पचासमा बिक्री हुने गरेको छ ।”

“बजारको मागअनुसार आपूर्ति गर्न सकेको छैन”, उहाँले भन्नुभयो,- “प्रतिदिन ७० देखि ८० केजी च्याउ बिक्री गर्दै आएको छु ।” च्याउखेतीमा लगानी कम र आम्दानी बढी हुने उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो,- “यसमा लगानी कम भए पनि मेहनत बढी चाहिन्छ । चार जनाको



व्यावसायिक च्याउखेतीबाट प्रशस्त आम्दानी गर्दै आउनुभएको छ । उहाँले सुभाष बहुउद्देश्यीय कृषि फर्म दर्ता गरेर च्याउखेती गर्दै आउनुभएको हो । चार वर्षअघि ६० हजार लगानीमा एउटा टनेलबाट च्याउखेती थाल्नुभएका उहाँले हाल पाँच वटा टनेलबाट च्याउ उत्पादन गर्दै आउनुभएको छ ।

पाँच वटा टनेलबाट उत्पादन भएको च्याउ विक्रीबाट सबै खर्च कटाएर छ महिनामा छ लाख बचत हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो,- “हिउँदका छ महिना मात्रै च्याउ उत्पादन गर्छु । ‘किङ्ग ओइस्टर’ च्याउ उत्पादन गर्दै आएको छु । यो च्याउ प्रतिकिलो दुई सयदेखि दुई सय परिवार छ,घर खर्च चलेको छ । पराल काट्ने मेसिन, मिनिटिर च्याउ बेचेर किनेको छु ।” च्याउखेती विस्तार गर्दै जाने आफ्नो योजना उहाँले सुनाउनुभयो ।

यसैगरी, गोदावरी नगरपालिका-८ फकलपुरकी राजकुमारी चौधरीले पनि सात व्यावसायिक रूपमा च्याउखेती गर्नुभएको छ । च्याउ बिक्रीबाट खर्च कटाएर वार्षिक दुई लाख बचत हुने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “च्याउखेतीबाट छोटो समयमा प्रशस्त आम्दानी गर्न सकिन्छ ।” च्याउ बिक्रीमा कुनै समस्या नभएको बरु माग धान्न कठिन भएको उहाँको अनुभव छ ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले बिहीबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । केन्द्रीय बैंकले सार्वजनिक गरेको विवरणअनुसार बुधबारको तुलनामा बिहीबार अमेरिकी डलर, युरो, स्टर्लिङ पाउण्डलगायतका विदेशी मुद्राको मूल्य बढेको छ ।



बिहीबार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ७७ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ३७ पैसा निर्धारण भएको छ । बिहीबार युरो एकको खरिददर एक सय ४२ रुपैयाँ १५ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ ७८ पैसा कायम भएको छ । केन्द्रीय बैंकका अनुसार पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ ५४ पैसा तथा बिक्रीदर एक सय ७१ रुपैयाँ ३० पैसा कायम भएको छ ।

केन्द्रीय बैंकले स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ १८ पैसा तथा बिक्रीदर एक सय ५२ रुपैयाँ ८६ पैसा तथा अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ६३ पैसा, बिक्रीदर ८८ रुपैयाँ ०२ पैसा निर्धारण भएको जनाएको छ ।

विहिबारका लागि क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ३० पैसा तथा बिक्री दर ९६ रुपैयाँ ७२ पैसा तथा सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ३४ पैसा तथा बिक्रीदर एक सय रुपैयाँ ७९ पैसा कायम भएको छ ।

यस्तै जापानी येन १० को खरिददर आठ रुपैयाँ ६५ पैसा तथा बिक्रीदर आठ रुपैयाँ ६९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६० पैसा तथा बिक्रीदर १८ रुपैयाँ ६८ पैसा, साउदी रियाल एकको खरिददर ३५ रुपैयाँ ९० पैसा तथा बिक्रीदर ३६ रुपैयाँ ०६ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ९६ पैसा तथा बिक्रीदर ३७ रुपैयाँ १३ पैसा तय भएको केन्द्रीय बैंकले जनाएको छ ।यस्तै थाईभाट एकको खरिददर तीन रुपैयाँ ८८ पैसा, तथा बिक्रीदर तीन रुपैयाँ ९० पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ६९ पैसा तथा बिक्रीदर ३६ रुपैयाँ ८६ पैसा निर्धारण भएको छ ।

मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ १४ पैसा तथा बिक्रीदर ३० रुपैयाँ २७ पैसा, दक्षिण कोरियाली वन १०० को खरिददर नौ रुपैयाँ ६५ पैसा तथा बिक्रीदर नौ रुपैयाँ ६९ पैसा निर्धारण भएको छ । स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ २५ पैसा तथा बिक्रीदर १२ रुपैयाँ ३० पैसा, डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ०६ पैसा तथा बिक्रीदर १९ रुपैयाँ १४ पैसा र हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ३१ पैसा तथा बिक्रीदर १७ रुपैयाँ ३९ पैसा तय गरेको छ ।

यस्तै कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ १३ पैसा तथा बिक्रीदर चार सय ४० रुपैयाँ ०८ पैसा र बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ५३ पैसा तथा बिक्रीदर तीन सय ५९ रुपैयाँ १२ पैसा निर्धारण गरिएको केन्द्रीय बैंकले जनाएको छ ।राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# तनहुँमा बीस रोपनी जमीनमा रायो सागखेती

तनहुँ । समुद्री सतहबाट दुई हजार एक सय ३४ मिटर उचाइमा रहेको आँबुखैरेनी-५ छिम्केश्वरी लाब्दीमा २० रोपनी जमीनमा व्यावसायिक रायो सागखेती गरिएको छ ।

किसानले उत्पादन गरेका कृषि उपज बिक्री सहजका लागि गाउँपालिकाले हाटबजारको व्यवस्था मिलाएपछि यहाँका किसान व्यावसायिक तरकारी खेतीतर्फ आकर्षित भएका हुन् । स्थानीय सङ्गिता गुरुङ, टीकामाया गुरुङ, आइतमाया गुरुङ, लक्ष्मण गुरुङ लगायकाले प्रत्येकले दुई/तीन रोपनीका दरले साग खेती गरेका हुन् । गाउँपालिकाले किसानलाई थप हौसला प्रदान गर्न उत्पादनको आधारमा प्रतिकिलो २५ रुपैयाँ अनुदानको व्यवस्था गरेको आँबुखैरेनी कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार छिम्केश्वरीका किसानले उत्पादन गरेका कृषि उपज हाटबजारसम्म ल्याउन ढुवानीको समेत व्यवस्था गरिदिएको छ । दिनमा दुई सय पचासदेखि तीन मुठासम्म साग बिक्रीका लागि ल्याउने गरिएको उहाँले बताउनुभयो ।

यहाँ उत्पादित सागप्रति मुठा रु एक सयमा बिक्री हुने गरेको छ । नाङ्लो जस्ता सागको पात देख्दा उपभोक्ता किन्नका लागि भीड नै लाग्ने गर्दछन् । यहाँ उत्पादित साग रसिला र मीठो पनि उत्तिकै हुने भएकाले उपभोक्ताको रोजाइमा साग पर्ने गरेको छ । जलवायु परिवर्तनको असरका कारण कीराको प्रकोप हुँदा



सागका पात खाने समस्या भएको छ,उहाँले भन्नुभयो “जलवायु मैत्री कृषि प्रविधितर्फ गाउँपालिकालाई उन्मुख गराउने योजना बनाइएको छ ।” जैविक विषादी निमजन्य विषादी कृषि शाखाले निःशुल्क रुपमा किसानलाई उपलब्ध गराउँदै आएको गाउँपालिकाले जनाएको छ ।

अघिल्लो वर्ष सागलगायतका तरकारी बिक्री गरेर एक किसानले ५०/६० हजारसम्म आम्दानी गर्न सफल भए पनि यसवर्ष कीराको प्रकोपका कारण आम्दानी घट्ने देखिएको कृषि शाखा प्रमुख केसीले बताउनुभयो ।

गाउँपालिकाले रु ४० लाखको लागतमा वार्षिक दुई लाख ५० हजार भाडा बुझाउने गरी जग्गा भाडामा लिएर दुई वर्षदेखि आँबुखैरेनी बजार क्षेत्रमा हाटबजार सञ्चालनमा ल्याएको हो । गाउँपालिकामा उत्पादित बाँसजन्य सामग्रीका साथै मह,घीउ, दही, पनिर, बेसार, अदुवा, अकबरे खुर्सानी, मकै, भटमास, स्कुस, बरेला, बोडी, च्याउ र बेमौसमी केराउ लगायतका कृषि उपज बिक्री वितरणमा सहज भएको छ ।

व्यावसायिक रुपमा यहाँका स्थानीयले तरकारी लगायतका कृषि उपज उत्पादन गर्न थालेपछि महिला आयआर्जनमासमेत सबल बन्दै गएको वडाध्यक्ष सन्तोष गुरुङले बताउनुभयो ।रासस

# लेकबाट बैँसी झर्न थाले भेडाका बथान

लमजुङ । चरनका लागि लेक तथा हिमाली भेग पुगेका भेडाका बथान लेकबाट बैँसी झर्न थालेका छन् ।

चिसो मौसम सुरु भएसँगै चरनमा समस्या आउन थालेपछि जिल्लाका घुम्ति गोठका गोठालाले आ-आफ्ना भेडाका बथान यतिबेला बैँसी झार्न थालेका छन् ।

भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लमजुङका निमित्त कार्यालय प्रमुख डा सुनिल न्यौपानेका अनुसार जिल्लामा साना ठूला गरेर तीन सयभन्दा बढी घुम्ती भेडीगोठ रहेका छन् । ती सबै लेकबाट बैँसी झर्न थालेका छन् । सिउरुङ, घलेगाउँ, भुजुङ, पसगाउँ, सिङ्दी, घनपोखरा, इलमपोखरी, दूधपोखरी, पाचोक, बन्सार, फलेनी, ढोडेनी, ताघ्रिङ, भुलभुलेलगायतका ग्रामीण क्षेत्रमा भेडीगोठ रहेका छन् ।

गर्र्मीयाममा भेडाबाख्रा लेकतर्फ लैजाने गरेकामा चिसो मौसम सुरु भएसँगै बैँसीतर्फ पुनःफर्किएका भेडीगोठाला कमल अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, “गर्मीयाममा ६ महिना लेक र चिसोयामको ६ महिना बैँसीमा भेडीगोठ राख्ने गर्दछौँ । बैँसीमा झारिएका भेडाबाख्राका बथानको मल यहाँका खेतबारीमा प्रयोग हुने गरेको छ ।”

क्व्होलासोथार गाउँपालिका-३ घलेगाउँका दिर्घराज घलेले गाउँका दुई वडाका भेडीगोठ रहेका र चिसो हुन थालेसँगै लेकबाट घलेगाउँतर्फ ल्याउन लागेको बताउनुभयो ।रासस

# कुखुरामा गम्बोरो रोगको समस्या

चितवन । व्यावसायीक रुपमा पालिएका कुखुरामा गम्बोरो रोगको समस्या देखिएको छ । राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला भरतपुरमा गम्बारो रोगको समस्या लिएर किसानहरु आउनेको संख्या बढेको छ ।

कार्यालयका सूचना अधिकारी इन्दु राय यादवका अनुसार दैनिक १२ देखि १५ वटा कुखुराको परीक्षणका क्रममा ४/५ वटामा गम्बोरो रोगको सङ्क्रमण भेटिने गरेको छ । उहाँले भन्नुभयो, “यो रोग तीव्र गतिमा सर्ने रोग हो । यसलाई इन्फेक्सियस बर्सल डिजिज भन्ने गरिन्छ ।”

कुखुरामा यो रोग देखिएमा कुखुराहरु झोक्राउने र मर्ने गर्छन् । यस्तै शरीर काप्ने, प्वाँख गुजमुजिए जस्तो हुने, श्वास बढ्ने, दानापानी नखाने, सेतो पहेंलो छेर्ने, ज्वरो आउने लम्पसार पर्ने जस्ता लक्ष्यणहरु देखिने यादवले जानकारी दिनुभयो । उहाँका अनुसार यो रोग लागेमा २ देखि २० प्रतिशत कुराहरु मर्छन् भने कहिलेकाही ६७ प्रतिशतसम्म मर्ने गरेको पाइएको छ ।रोग लाग्न नदीनका लागि गम्बोरोविरुद्धको खोप लगाउने, जैविक सुरक्षाका विधिहरु अबलम्बन गर्ने, इम्युनिटी पावर बढाउन कुखुरालाई भिटामिन तथा औषधिको प्रयोग गर्ने, ज्वरो कम गर्ने तथा तनाव कम गर्ने औषधिको प्रयोग गर्न सकिने उहाँले बताउनुभयो ।

कतिपय स्थानमा भ्याक्सिन लगाइ सकिएका कुखुरामा समेत यो रोगको सङ्क्रमण देखिएपछि अहिले थप अनुसन्धान विभागले गरिरहेको उहाँले बताउनुभयो । यस रोग लाग्न नदिनका लागि खोरमा काम गर्न जानुभन्दा अघि जैविक सुरक्षाका साधनहरुको प्रयोग गर्न जरुरी रहने उहाँको भनाइ छ ।कार्यालयमा चालु आर्थिक वर्षको तीन महिनामा नौ सय २३ कुखुरामा रोगको पहिचान गरिएको यादवको भनाइ छ । उहाँका अनुसार कुखुरामा व्याक्टेरियल इन्फेक्सन (इ.कोलाई), साल्मोनेला रुघाखोकी लगायतको समस्या देखिएका छन् । खोरको सरसफाई र दानापानीमा राम्रोसँग निगरानी नगर्दा यस्तो रोग लाग्ने गरेको उहाँको भनाइ छ । यहाँ, चितवनसहित मकवानपुर, नवलपर ासी (बर्दघाट सुस्तापूर्व), तनहुँ, लमजुङलगायतका २० जिल्लाबाट पन्छी रोगको अन्वेषणका लागि किसानहरु आउने गर्दछन् ।

वार्षिक रुपमा छ देखि आठ हजार कुखुराको पोष्टमार्टम रगत, श्वास परीक्षण तीन हजारभन्दा बढीको गरिँदै आइएको छ । एक वर्षदेखि रोकिएको कुखुराको पिसिआर परीक्षण यसै वर्षबाट पुनः सञ्चालन गरिने पनि उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “कोरोनापछि रोकिएको पन्छीको पिसिआर परीक्षण यस वर्षदेखि पुनः सुरु गरिएको छ ।”रासस

## भाखा नाघेको कर्जा बुझाउने वारे कृषि विकास वैंक लि. मधेश प्रदेश कार्यालय जनकपुरधामको २१ दिने सुचना

यस बैंकको तपशिलको कार्यालयबाट तपशिल बमोजीमका व्यक्ति तथा संस्थाहरुले निम्न उद्देश्यका लागी विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा ,ब्याज तथा बैकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सुचना प्रकाशीत भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन,२०७३, कृषि विकास बैक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलामी बिक्री वा अन्य व्यवस्था गरी बैङकको सम्पूर्ण लेना रकम असुल उपर गरिने जानकारी गराउदछौं। साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराईएको छ ।

**सम्वन्धित कार्यालय :- कृषि विकास वैंक लि., शाखा कार्यालय, ढल्केबर (धनुषा)**

| क्र. सं. | कर्जा ग्राहकको नाम | फा.नं. | आई.डि.नं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | कर्जाको उद्देश्य | सावा रकम रु. | २०८१ कार्तिक मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | धितो मन्जुरीनामा दिने /जम(ानत वस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इभान्सु ईशा बिल्डर्स प्रो. संजिव यादव | १०५४० | ११३७०७९ | बिशेश्वर यादव | हरिहर यादव | सैबु ०३ ललितपुर | बिभिन्न उदेश्य | १४०००००० | २३३३००० | १६३३३००० | |
| २ | असर्फि भिन्दवार यादव | ९०६६ | ६८१३५६ | राम लोचन | मलहार | धनुषाधाम ०६ | सरल कृषि कर्जा | ९००००० | १०६००० | १००६००० | |
| ३ | रुपेश बिज भण्डार प्रो.राम प्रबोध महतो | १०८१९ | १७५९११२ | देन नारायण महतो | असर्फी महतो | लक्ष्मीनिवास ०५ | ब्यापार | १४००००० | ११९००० | १५१९००० | |
| ४ | दिपिका डिपार्टमेन्ट स्टोर प्रो. जनकलाल महतो | १०९१३ | १९१८८४४ | राम उदगार महतो | मोहन महतो | ढल्केबर ०१ | ब्यापार | ७०००००० | ५११००० | ७५११००० | |
| ५ | श्री राम ज्वेलर्स प्रो.राम चन्द्र साह | १०२९७ | ६८१२७१ | पुरन साह | श्री साह | ध.न.पा. ०६ | ब्यापार | ६०००००० | ४५६००० | ६४५६००० | |
| ६ | न्यु कुशवाहा बिज टेर्डस प्रो.पुष्पलाल महतो | १०४३३ | १०७९४२४ | बिशेश्वर महतो | कर्मबिर महतो | बटेश्वर ०१ | ब्यापार | ७०००००० | २५८००० | ७२५८००० | |
| ७ | हेल्दी होम पोलि क्लीनिक प्रो.अमिन्द्र भिन्दवार यादव | १०८५४ | १८२४५५८ | जगदेव भिन्दवार यादव | प्रमेश्वर भिन्दवार यादव | धनुषाधाम ०६ | ब्यापार | २७००००० | ३२७००० | ३०२७००० | |
| ८ | रामेश्वर मिष्टान भण्डार प्रो. रिता कुमारी साह हलुवाई | ९६९६ | ६८०२८४ | रामेश्वर साह | रामनाथ साह | मि.न.पा. ०६ | ब्यापार | ३४००००० | ५७५००० | ३९७५००० | |
| ९ | धर्मनाथ यादव | १०५६२ | १२१७३७५ | खेदर यादव | असर्फी यादव | ग.चारनाथ न.पा. ०१ | सरल कृषि कर्जा | १९५०००० | ३२३००० | २२७३००० | |
| १० | न्य बिश्वकर्मा फर्निचर प्रो. पपु कुमार महतो | १०८८७ | १९११००३ | राजेन्द्र महतो कोईरी | गंगाई महतो कोईरी | मि.न.पा. ०६ | ब्यापार | १३००००० | १०२००० | १४०२००० | |
| ११ | एस वाई कन्सट्रकसन प्रो.सत्येन्द्र यादव | १०५४४ | ११७८५५८ | रनदेव यादव | गनपैत यादव | मि.न.पा. ०६ | ब्यापार | ९९०००० | १४१००० | ११३१००० | |
| १२ | राम दयाल राउत | ५५०९ | ६८१०७० | सिताराम राउत | शिव नन्दन राउत | मि.न.पा. ०३ | सरल कृषि कर्जा | १७५०००० | १०७००० | १८५७००० | |
| १३ | मोहन मंडल केवट | १०४१५ | ६८२८७६ | राम शोभित मंडल | राजु मंडल | धनुषाधाम ०३ | सरल कृषि कर्जा | ९००००० | ६२००० | ९६२००० | |
| १४ | राम कुमार सिंह | १०३४० | ६८१३६३ | दुर्गा नन्द सिंह | जयलाल सिंह | बटेश्वर ०१ | सरल कृषि कर्जा | १४९५००० | ४२००० | १५३७००० | |
| | जम्मा | | | | | | | ५०७८५००० | ५४६२००० | ५६२४७००० | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# मन्दिरमा तोडफोड गर्नेलाई कारबाहीको माग गर्दै सडकजाम



**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको पिपरा गाउँपालिकास्थित शिव मन्दिरमा तोडफोड गर्नेलाई कारबाहीको माग गर्दै सडकजाम गरी स्थानीयवासीहरु आन्दोलनमा उत्रेका छन् ।

शिव मन्दिरको शिवलिङ तोडफोड गर्नेलाई तत्काल कारबाहीको माग गर्दै स्थानीयवासीहरुले जनकपुरधाम-जलेश्वर सडकखण्ड अवरुद्ध गरी आन्दोलन उत्रेका हुन् ।

अज्ञात समूहले शिवलिङ तोडफोड गरेको विरोधमा स्थानीयहरुले आज बिहानदेखि नै सडक अवरुद्ध गरेका छन् । मन्दिरमा तोडफोड गर्नेलाई कारबाहीको माग गर्दै आन्दोलनमा उत्रेको स्थानीय युवा रामशंकर यादवले बताए ।

शिव मन्दिरको प्रतिमास्वरुप शिवलिङ अज्ञात समूहले तोडफोड गरेकाले आफूहरु आन्दोलनमा उत्रेर दोषीलाई कारबाहीको माग गरेको उनले बताए ।

महोत्तरी प्रहरीका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक सन्तु जयसवारले मन्दिरमा अज्ञात समूहले तोडफोड गरेकोले स्थानीयहरु आन्दोलित भएको जानकारी दिए ।

उनले सडक अवरुद्ध पारेको र सो सडक खुलाउनका लागि पहल थालिएको र स्थानीयवासीहरुसंग छलफल थालिएको बताए ।

# महिनौंदेखि नियुक्तिमा भागबण्डा नमिल्दा विद्यालयमा तालावन्दी

**अनिल तिवारी**

वीरगञ्ज । पर्साको कालिकामाई गाँउपालिका मुड्लीको विद्यार्थीहरु आन्दोलित भएका छन् । वडा नम्बर १ मा रहेको जनता माध्यमिक विद्यालयका विद्यार्थीहरु स्थानिय सरकारको बिरोध गर्दै आन्दोलनमा उत्रिएका हुन् ।

विषयगत शिक्षक नहुँदा पठनपाठन प्रभावित भएको भन्दै बिहीबार विद्यालयमा तालान्दी गर्दै विद्यार्थीहरु गाउपालिका नेतृत्वको बिरोधमा चर्को नाराबाजी समेत गरेका छन् । विद्यार्थीहरु नाराबाजीसहितको प्रदर्शन गर्दै विद्यार्थीहरुले विद्यालयको मूल प्रवेशद्वारमा तालाबन्दी गरिएको पोखरिया प्रहरीले जनाएको छ ।

कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत्त विद्यार्थीहरुले विद्यालयमा तालाबन्दी गरेका हुन् । नयाँ शैक्षिक सत्र सुरु भएको ७ महिना बितिसक्दा पनि विद्यालयमा विज्ञान, सामाजिक, अर्थशास्त्र र अंग्रेजी विषयको विषयगत शिक्षक छैन । जसकारण पठनपाठन नै प्रभावित भएको उनीहरुको गुनासो छ ।

विषयगत शिक्षकको व्यवस्था गर्न विद्यालय प्रशासनलाई पटक पटक ध्यानाकर्षण गराउँदा समेत कुनै चासो नलिए पछि आफुहरु बाध्य भएर



आन्दोलनमा उत्रिनु परेको विद्यार्थीहरुको भनाइ रहेको छ ।

गाउँपालिकाका एक पूर्व वडाअध्यक्षका अनुसार तीन जना विषयगत शिक्षक नियुक्तिका लागि चार महिना पहिले विद्यालय प्रशासनले आवेदन सहितको सूचना आह्वान गरेको थियो ।

तर प्रधानाध्यापक राजेश तिवारी, वडाअध्यक्षसेमत रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालबाबु चौरसिया र सहायक प्रधानाध्यापक जयप्रकाश चौरसिया बिच शिक्षक नियुक्तीमा भागबण्डा नमिल्दा शिक्षक नियुक्ति प्रक्रिया स्थगित गरिएको थियो ।

विद्यालयमा विषयगत शिक्षकको अभाव रहेको व्यवस्थापन समितिका अध्यक्ष चौरसियाको स्वीकारोक्ति रहेको छ । उनले आन्दोलनरत्त विद्यार्थीहरुसंग सम्वाद गरेर छिट्टै समस्याको समाधान जानकारी गराए । चार महिना पहिले विज्ञान लगायतका विषयगत शिक्षक नियुक्तीका लागि विज्ञापन आह्वान गरेको भएपनि केहि कारणवस न्यक्ति स्थगीत गर्नु परेको चौरसियाले बताए ।

'फेरि विज्ञापन आह्वानका लागि पालिकाको शिक्षा शाखा प्रमुखबाट अनुमति आवश्यक पर्ने भएकोले त्यसका लागि प्रकृया अगाडि बढाइएको छ' उनले भने ।

# रामचन्द्र कुशवाहाको अध्यक्षतामा नेपाल सद्भावना पार्टी गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । रामकुमार महतोको अध्यक्षतामा नेपाल सद्भावना पार्टीको महाधिवेशन सम्पन्न भएको एक दिन नवित्दै रामचन्द्र कुशवाहाको अध्यक्षतामा पनि गठन भएको छ ।

वीरगञ्जमा भएको सातौं महाधिवेशनबाट कुशवाहाको अध्यक्षतामा नेपाल सद्भावना पार्टीको २९ सदस्यीय राष्ट्रिय कार्यकारिणी समिति गठन भएको छ ।

सो कार्यकारिणी समितिको वरिष्ठ नेतामा बद्रीप्रसाद मण्डल छन् भने सहअध्यक्षमा गोविन्द्र चौधरी र उपाध्यक्षहरूमा सहजाद मियाँ मिकारनी र दशरथ यादव छन् । यस्तै, महासचिवमा रामबाबु सिंह र सुरेन्द्रकुमार पटेल छन् भने सहमहासचिवमा मञ्जु चौधरी र वैद्यनाथ पासवान छन् । कोषाध्यक्षमा चन्द्रिकाप्रसाद कुशवाहा र प्रवक्तामा रामपृत यादव छन् ।

केन्द्रीय सदस्यहरूमा जीपी सिंह, दिनेश राउत, रामबाबु साह, रामनरेश प्रसाद कुशवाहा, राजकुमार राजवंशी, सुनिलकुमार यादव, भोलानाथ सिंह, ओम थनेत, सत्यनारायण प्रसाद रौनियार, जगनाथ महतो कोइरी, प्रभा चौधरी, ह्रदयानन्द मेहता, नमिता चौधरी, जयदेव चौधरी, सञ्जु चौधरी, मञ्जु देवी, सावित्री देवी राम र सुनिता मेहता रहेकी छन् ।

नवनिर्वाचित अध्यक्ष रामचन्द्र कुशवाहा तत्कालीन तमलोपाबाट मन्त्रीसमेत भइसकेका छन् । तमलोपा टुटफुट हुन थालेपछि उनी निष्क्रिय थिए ।

# चुनावी प्रचारप्रसारमा कांग्रेसका महामन्त्री शर्मा

**टुडे समाचारदाता**

रौतहट । नेपाली कांग्रेस पार्टीका महामन्त्री विश्वप्रकाश शर्माले नेपाली कांग्रेसका कारण देशमा राणा शासन र राजतन्त्रको अन्त्य भएको बताएका छन् ।

नेपाली कांग्रेस ठूलो इतिहास बोकेको पार्टी भएको बताउँदै महामन्त्री शर्माले कांग्रेसलाई कसैले दबाउन खोजें आफैं समाप्त हुने बताए ।

स्थानीय तहको उपनिर्वाचनको प्रचारप्रसारको क्रममा मधेश झरेका नेपाली कांग्रेसका महामन्त्री शर्माले बिहीबार रौतहटको ईशनाथ नगरपालिका -७ मा आयोजित पार्टीको चुनावी घरदैलो कार्यक्रमा बोल्दै उनले देशमा नेपाली कांग्रेस नभएको भए राणा शासन र राजसंस्थाको अन्त्य हुने थिएन । कांग्रेसले गरेको आन्दोलनका कारण तानाशाह राणाको अन्त्य भएको र राजतन्त्र ढलेर प्रजातन्त्र स्थापना भएको हो' ।



कांग्रेसले राणा र राजा फालेर देशमा इतिहास रचेको पार्टी भएकोले आउँदो मङसिर १६ गते हुने उपनिर्वाचनमा कांग्रेसका उम्मेदवारहरुलाई अत्याधिक मत दिएर विजयी बनाउन उनले सबैलाई आग्रह गरे । कांग्रेससंग मधेशको विशेष सम्बन्धन रहेको चर्चा गर्दै महामन्त्री शर्माले मधेशको विकास र समृद्धिको लागि कांग्रेसलाई जिताएर अझै मजबूत एवं शक्तिशाली बनाउनुपर्ने धारणा राखे ।

मधेश र पहाडमा उस्ताउस्तै समस्या रहेको बताउँदै ती समस्याहरूको निकासका लागि कांग्रेसलाई बलियो बनाउनुपर्ने बताए । रौतहटको ईशनाथ नगरपालिका -७ को वडा अध्यक्ष पदका लागि हुन् लागेको उपनिर्वाचनमा कांग्रेसका उम्मेदवार शेख अब्दुल खलिकलाई रुख चिन्हमा मतदान गरी निर्वाचित गराउन महामन्त्री शर्माले सबैलाई आग्रह गरेका थिए ।

# बालबालिका केन्द्रित हाट बजार लाग्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा दुई दिने नेशनल स्टुडेन्ट इनोवेशन समिट २०२४ (सीजन-२) शुरु भएको छ ।

एनवाइइएफ जनकपुर च्याप्टर र मोनाष्टिक स्कुलको संयूक्त आयोजनामा समिट शुरु भएको छ ।

विद्यालयस्तरी उद्यमता र नवाचारको संस्कृति स्थापित गर्ने उद्देश्यले समिट आयोजना भएको जनाइएको छ ।

यसअघि समिटको पहिलो संस्करण २०२३ मा सफलताका साथ सम्पन्न भएको थियो । यस कार्यक्रममा मधेश प्रदेशमा विद्यालयस्तरीय विद्यार्थी, शिक्षक र विभिन्न क्षेत्रका उद्यमीहरूको सहभागिता रहेको थियो । यसको परिणामस्वरूप यस कार्यक्रमले विद्यालय स्तरमा उद्यमिताको सोचलाई थप प्रोत्साहन पुर्याएकोले यसपालि यसको दोस्रो संस्करणको आयोजना हुँदैछ ।





विद्यालयका विद्यार्थीहरूलाई उद्यमिता सोच र नवाचारको प्रवृत्ति तथा क्षमतामा सशक्त बनाउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको मोनाष्टिक स्कुलका निर्देशक डा. सोनु साहले बताए । उनले कार्यक्रममा ३५ विद्यालयबाट ३५० भन्दा बढी विद्यार्थीहरू (कक्षा ६ देखि कक्षा १२ सम्मका) सहभागी हुने बताए । कार्यक्रमको औपचारिक उद्धाटन आइतबार हुनेछ । यस दिन विभिन्न विद्यालयका विद्यार्थीहरू, शिक्षक र विभिन्न क्षेत्रका विशेषज्ञहरू उपस्थित हुनेछन् । त्यस्तै, समिटको अन्तिम दिन सोमबार हाट बजारको आयोजना गरिने छ । जहाँ विद्यार्थीहरूले आफ्ना १०० भन्दा बढी नवप्रवर्तनात्मक उत्पादनहरू प्रदर्शन गर्नेछन् । यस हाट बजारमा ८० स्टल रहनेछन्, जसमा विद्यार्थीहरूले आफ्नो सिर्जनशीलता र उद्यमिता कौशल प्रस्तुत गर्ने उनले बताए ।

निर्देशक डा. सोनुले भने, 'यो कार्यक्रम मधेश क्षेत्रमा उद्यमिता र स्टार्टअप संस्कृतिको विकासको प्रारम्भ हो, जसले विद्यार्थीहरूको सोचमा सकारात्मक परिवर्तन ल्याउनेछ र उनीहरूलाई भविष्यमा स्वावलम्बी र सृजनात्मक व्यवसायीका रूपमा तयार गर्नेछ ।'

उनले यस समिटले विद्यार्थीहरूलाई व्यावसायिक संसारमा प्रवेश गर्ने प्रेरणा दिने मात्र नभई उनीहरूको आत्मविश्वास र क्षमता विकास गर्ने अवसर पनि प्रदान गर्ने बताइ । यसबाट विद्यार्थीहरूका नयाँ विचार र उत्पादनहरूले आगामी दिनमा समाज र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने आफूहरुले विश्वास लिएको उनले बताए ।

निर्देशक डा. सोनुले कार्यक्रमको अन्तिम दिन शनिबार मिल्स एरियास्थित मोनाष्टिक स्कुलको प्राङ्गणमा आयोजना हुने हाट बजारमा अभिभावकहरुलाई अनिवार्य उपस्थित हुनका लागि आग्रह गरे ।

# आर्थिक संकटले उपचारमा सकस

**टुडे समाचारदाता**

राजविराज । नसा च्यापिएर हिडडुल गर्न नसकेर उपचारको अभावमा घरको ओछ्यानमै सीमित हुन पुगेका एक मजदुर आफ्नो ज्यान बचाउन सहयोगको याचना गरेका छन् ।

राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पतालबाट २० दिन अघि रेफर गरिएका राजविराज- ६ दलित वस्तीका २७ वर्षीय रुपेश सदाले घरको ओछ्यानबाट जीवन रक्षाका लागि आर्थिक सहयोगको याचना गरेका हुन् ।

उनी पेशाले मजदुर हुन । एक महिना अघि ढलानको काम गर्ने क्रममा टाउकोमा सिमेन्टको बोरा बोकेर लादै गर्दा अचानक लडेर उनी अचेत भएका थिए । सो क्रममा टाउको, घाँटी र ढाडमा चोट लागेर घाउ हुनुका साथै उनको घाँटी र ढाडको नसा च्यापिएको थियो । जसकारण उनी हिडडुल गर्न नसक्ने समेत भएका छन ।

सोही कारण उनको जीवनयापन कष्टकर बन्न पुगेको छ । घाइते श्रीमान् रुपेशको उपचार गर्न मजदुरी पेशमै संलग्न श्रीमती रम्भाले उपचारका लागि वडा कार्यालयबाट केही सहयोग तथा साहु महाजनसंग ऋण सापटी खोजेर उपचारका लागेर धरानस्थित वीपि कोइराला स्वास्थ्य विज्ञान



गजेन्द्र नारायण सिंह अस्पतालका चिकित्सकहरुले रुपेशको घाँटी र ढाडको नसा च्यापिएकाले जति सके चाँडो बाहिर लगेर उपचार गराउनु पर्ने सुझाव दिएका छन् ।

प्रतिष्ठान पुऱ्याएकी थिइन् । त्यहाँ ५ दिनको उपचार र बसाईमा साथमा रहेको १ लाख १० हजार मध्ये १ लाख ५ हजार खर्च भइसक्दा पनि निको नभएको र चिकित्सकले, अप्रेसन गर्नु पर्छ भन्दै थप १ लाख ५० हजार रुपैयाँ व्यवस्था गर्नु भनेपछि पैसा नहुँदा उपचार नै नगरी श्रीमानलाई लिइ फर्केको रम्भाले सुनाइन् ।

धरानबाट फर्केपछि श्रीमानलाई ५ दिन स्थानीय गजेन्द्रनारायण सिंह अस्पतालमा समेत भर्ना गराएको र त्यँहा चिकित्सकले नशा सम्बन्धि रोगको उपचारका लागि बाहिर लैजाने सल्लाहसहित रेफर गरिदिएको रम्भाले सुनाइन् ।

रकम नभएका कारण बाहिर लैजान नसकी घरमै राख्नु परेको उनले पीडा सुनाइन् । पहिल्यै लिएको ऋण कर्जा तिर्न सकेकी छुइँन, काममा बाहिर पनि निस्कन सकेकी छुइन, आँखाबाट आँसु झार्दै उनले भनिन्-"जीवन मरणको दोसाँधमा रहेका श्रीमानको उपचार, ३ जना नाबालक सन्तानको लालन पालनमा समस्या भएको छ ।"

ओछ्याानको एउटा कुनामा श्रीमानको रेखदेखमै दिन बिताउने गरेकी रम्भाले भनिन्-"मृत्युसंग लडिरहेको श्रीमानलाई बचाउन आवश्यक पर्ने उपचार खर्चमा सहयोग गरिदिन सबैमा विन्ती गर्छु ।"

आफ्नो नाममा एक धुर जग्गा नरहेको सदा परिवार अहिले सडक किनारमा २ धुर एलानी जग्गामा फुसको झुप्रो बनाई बसोबास गर्दै आएका छन् । उपचारका लागि सदा परिवारको आर्थिक अवस्थाले धान्न नसक्ने भएपछि सहयोगका लागि हात फैलाएको वडाअध्यक्ष शशी चौधरीले बताए ।

दैनिक मजदुरीमा जान नपाउँदा आम्दानीको बाटो बन्द भइ हातमुख जोडन तथा बिरामी परेका रुपेशको उपचारमा समस्या भएकाले सबैले मिलेर सहयोग गर्नु पर्ने वडाअध्यक्ष चौधरीको भनाइ छ ।

गजेन्द्र नारायण सिंह अस्पतालका चिकित्सकहरुले रुपेशको घाँटी र ढाडको नसा च्यापिएकाले जति सके चाँडो बाहिर लगेर उपचार गराउनु पर्ने सुझाव दिएका छन् ।

# अयोध्यामा पार्थिव शिवलिङ पूजन



**टुडे समाचारदाता**

जनकपुरधाम । मानस तथा बोलबम परिवारद्वारा भारतको अयोध्यामा तीन दिवसीय पार्थिव शिवलिङ पूजनको आयोजना गरिएको छ ।

अयोध्यामा बुधबारदेखि शुरु भएको पार्थिव शिवलिंग पूजन शुक्रबारसम्म चल्ने छ ।

पार्थिव पूजनको पहिलो दिन पाँच लाख पार्थिव शिवलिङको पूजा गरिएको छ भने दोश्रो दिन पनि सोही संख्यामा पार्थिव शिवलिङको पूजा गरिएको मानसका अध्यक्ष ललन ठाकुरले जानकारी दिए ।

उनका अनुसार शुक्रबार पनि पाँच लाख पार्थिव शिवलिङको पूजा भएपछि समापन हुनेछ ।

पार्थिव शिवलिंग पूजामा जनकपुरधाम क्षेत्रका महिला तथा पुरुषको उत्साहजनक सहभागिता रहेको छ भने अयोध्यावासीले पनि पार्थिव शिवलिङ पूजन कार्यमा उल्लेखनीय सहयोग गरिरहेको अध्यक्ष ठाकुरले बताए ।

**दाईजो प्रथा निरुत्साहित गरौं**

- चल, अचल सम्पत्ति, दाईजोको रुपमा माग गर्नुहुँदैन,
- लेनदेनको शर्त राखी विवाह गर्नु/गराउनु हुँदैन,
- विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाइजो माग गर्नु हुँदैन,
- दाईजो नदिएको कारण यातना दिने वा अमानवीय वा अपमानजन्य व्यवहार गर्नु हुँदैन,

यस्ता कार्य कानूनबमोजिम दण्डनीय छन् । यस्तो गरेको पाइएमा स्थानीय प्रशासनमा खबर गरौं ।
विवाह जस्तो पवित्र बन्धनलाई लेनदेनको विषय नबनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८